# सिद्धलेक गाउँपालिका

# क्षमता विकास योजना

(२०७९/०८० – २०८१/०८२)

# Capacity Development Plan

(2079/080 - 2081/082)

## सिद्धलेक गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय
धादिङ
बागमति प्रदेश, नेपाल

२०७९

# सिद्धलेक गाउँपालिका
# क्षमता विकास योजना
# Capacity Development Plan


## सिद्धलेक गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

**धादिङ्ग**

**बागमती प्रदेश, नेपाल**

**फोन नं: ९८५१०६०७५६**

ईमेल: info@siddhalekmun.gov.np, sidhalekhruralmun@gmail.com

प्राविधिक सहयोग : प्रदेश सरकार, बागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरीषदको कार्यालय, प्रदेश सुशासन केन्द्र, जावलाखेल, ललितपुर, नेपाल

प्रामर्शदाता : आर.आई.एम.सी. - ईकोकोड नेपाल - जिईएस, जे.भि.
गौमुखी ईन्जिनियरीङ्ग सर्भिसेस् प्रा. लि. सानेपा - २, ललितपुर, नेपाल
फोन नं: ०१ - ५९०५००५ र ९८०११०४४४५
ईमेलः gaumukhiengineering@gmail.com

असार २०७९

# विषय सुचि


| विषय शीर्षक | पाना नं. |
|---|---|
| परिच्छेद : १- परिचय | |
| १.१ पृष्ठभुमी | 1 |
| १.२ सिद्धलेक गाउँपालिकाको संक्षिप्त परिचय | 2 |
| १.३ क्षमता विकास योजनाको आवश्यकता र औचित्य | 3 |
| १.४ क्षमता विकास योजना तर्जुमा विधि र प्रकृया | 4 |
| १.५ क्षमता विकास योजनाका सिमाहरु | 5 |
| १.६ कार्यकारी सारांश | 6‡7 |
| परिच्छेद : २ गाउँपालिकाको क्षमता विकास नीति तथा कार्यनीती | |
| २.१ क्षमता विकासका लागि सिद्धलेक गाउँपालिकाले अंगिकार गरेका नीतिहरु | 8 |
| २.३ क्षमता विकासका लागि विगत तीन वर्षमा गरेको वजेट विनियोजन | 9 |
| २.४ क्षमता विकाका लागि संचालित कार्यक्रमहरु | 9 |
| परिच्छेद :३ गाउँपालिकाको विद्यमान मानव तथा संस्थागत अवस्था | |
| ३.१ सिद्धलेक गाउँपालिकाको विद्यमान मानव संसाधनको अवस्था | 10 |
| ३.२ सिद्धलेक गाउँपालिकाको संस्थागत विकासको अवस्था | 11 |
| ३.३ सिद्धलेक गाउँपालिकाको कार्यालय पुर्वाधार तथा कार्यालय उपकरणको अवस्था | 12 |
| ३.४ सिद्धलेक गाउँपालिकाको विद्यमान अवस्था र अपेक्षित अवस्था वीचको अन्तराल | 13‡15 |
| परिच्छेद : ४ गाउँपालिकाको क्षमता विकास योजनाको लक्ष्य तथा उद्येश्य | |
| ४.१ सिद्धलेक गाउँपालिकाको क्षमता विका योजनाको लक्ष्य | 16 |
| ४.२ सिद्धलेक गाउँपालिकाको क्षमता विकास योजनाको उद्येश्य | 16 |
| ४.३ सिद्धलेक गाउँपालिकाको क्ष्मता विकास योजनाको अपेक्षित नतिजाहरु | 17 |
| परिच्छेद : ५ गाउँपालिकाको क्षमता विकास आवश्यकता विश्लेषण | |
| ५.१ जनप्रतिनिधि स्तर | 18‡19 |
| ५.२ समिति तथा उप समिति गठन, परिचालन र कृयाशिलता | 20 |
| ५.३ कर्मचारी स्तर | 21‡23 |
| ५.४ विषय क्षेत्र अनुसार संस्थागत स्वमूल्यांकनमा कमजोर देखिएका क्षेत्रहरुको विश्लेषण | 24‡29 |
| ५.५ संविधान प्रदत्त अधिकार र कार्यसम्पादन अवस्थाको संक्षिप्त विश्लेषण | 30 |
| परिच्छेद : ६ गाउँपालिकाको  क्षमता विकास योजनाका प्राथमिकताहरु | |
| ६.१ जनप्रतिनिधि स्तर | 31 |
| ६.२ समिति तथा उप समिति | 32 |
| ६.३ महाशाखा, शाखा, उपशाखा तथा ईकाइ | 32 |
| ६.४ कर्मचारी स्तर | 33 |
| परिच्छेद : ७ गाउँपालिकाको त्रीवर्षिय क्षता विकास योजना (लक्ष्य , नतिजा र श्रोत) | |
| ७.१ सिद्धलेक गाउँपालिकाको क्षमता विकास नीति | 34 |
| ७.२ जनप्रतिनिधिहरुका लागि प्रस्तावित क्षमता विकासका कार्यक्रमहरु | 35 |
| ७.३ कर्मचारीहरुका लागि प्रस्तावित क्षमता विकासका कार्यक्रमहरु | 36‡37 |
| ७.४ संविधान प्रदत्त अधिकारको प्रभावकारी  कार्यान्वयनका लागि प्रस्तावित क्षमता विकासका कार्यक्रमहरु | 38‡39 |
| परिच्छेद : ८ क्षमता विकास योजना कार्यान्वयन | |
| ८.१ क्षमता विकास योजना कार्यान्वयन जिम्मेवारी तालिका | 40‡41 |
| परिच्छेद : ९  अनुगमन तथा मूल्यांकन | |
| ९.१ क्षमता विकास योजनाको अनुगमन तथा मुंल्यांकन प्रकृया र जिम्मेवारी | 41‡42 |
| ९.२ क्षमता विकास योजना कार्यान्वयन वाट प्राप्त हुने वार्षिक प्रतिफल | 43 |
| ९.३ सन्दर्भ सामाग्रीहरु | 44 |
| परिच्छेद : १० अनुसूचीहरु | |


**सारंश शब्दको पुर्ण रुप :**

CBS = Central Bureau of Statistics

| | | |
|---|---|---|
| NPSAS | = | Nepal Public Sector Accounting Standards |
| SuTRA | = | Sub-national Treasury Regulatory Application |
| आ.व. | = | आर्थिक वर्ष |
| कि.मि. | = | किलो मिटर |
| गा.बि.स. | = | गाउँ विकास समिति |
| गा.पा. | = | नगरपालिका |
| प्र.अ. | = | प्रधानाध्यापक |
| अ.बा.क.स. | = | अवशर, बाधा/चुनौती, कमजोरी र सवल |
| गै.स.स. | = | गैर सरकारी संस्था |
| मि. | = | मिटर |
| वि.सं. | = | विक्रम सम्वत |
| रु. | = | नेपाली रुपैयाँ |

# परिच्छेद : १-परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले संघीय गणतन्त्र नेपालमा संघीय, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरेको छ । स्थानीय सरकार नागरिकको निकटमा रहेर संविधान र स्थानीय सरकार सञ्चालन ऐनले तोकेका अधिकारहरुको प्रयोग गर्दै स्थानीय जनतालाई छिटो, छरितो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह गरी लोकतन्त्रका लाभहरुलाई नागरिकहरुमा प्रत्याभूत गराउने गहन जिम्मेवारी लिएको सरकार हो । राष्ट्रिय योजनाले लिएको लक्ष्य तथा राष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन गर्दै सुखी र सम्बृद्ध नेपाल निर्माण गर्न र सामाजिक न्याय स्थापित गरी समतामूलक समाज निर्माण गर्ने अभिभारा भएको स्थानीय सरकारले आफ्नो कार्य सम्पादन स्तरमा सुधार गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी र जनमुखी बनाउनु आजको प्रमुख आवश्यकता रहेको देखिन्छ । स्वमूल्याङ्कन स्वमूल्याङ्कन

हाल स्थानीय सरकारहरुले नेपालको संबिधान-२०७२, स्थानीय सरकार संचालन ऐन- २०७४ र विभिन्न राष्ट्रिय प्रतिबद्धताहरु र राष्ट्रिय तथा स्थानीय योजनाको आधारमा सम्पादन गर्नु पर्ने नियमित कार्यहरु सम्पादन स्तर र अबस्थाको अध्ययनबाट स्थानीय तहमा कार्यरत जनप्रतिनिधि र कर्मचारीहरुको **व्यक्तिगत क्षमता** (ज्ञान, सीप, दक्षता, प्रवृत्ति), **संस्थागत क्षमता** र **विधि/प्रणालीगत क्षमता**मा विकास गर्दै जानुपर्ने देखिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनर वित्तीय सुशासन जोखिम स्वमूल्याँकनको नतिजाबाट यसको थप पुष्टि भएको छ ।

स्थानीय तहहरुको समग्र क्षमताको उपर्युक्त अवस्थालाई सम्बोधन गर्ने गरि, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नगर/गाउँपालिकामाको क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को आधारमा यस सिद्धलेक गाउँपालिकामा कार्यरत जनप्रतिनिधि र कर्मचारीहरुको **व्यक्तिगत क्षमता** (ज्ञान, सीप, दक्षता, प्रवृत्ति), **संस्थागत क्षमता** र **विधि/प्रणालीगत क्षमता**को लेखाजोखा गरी बर्तमान अवस्थाको जगमा टेकेर अगामी तीन वर्षका लागि तत् तत् विषय क्षेत्र, कर्मचारी र जनप्रतिनिधिहरुको **व्यक्तिगत विकास**, **संस्थागत विकास** र **विधि/प्रणालीको विकास**को साथै संस्थागत क्षमता स्वमूल्याङ्कनर वित्तीय सुशासन जोखिम स्वमूल्याङ्कनबाट कमजोर देखिएका सूचकहरुको क्षेत्रमा समेत क्रमशः सुधार गर्ने कार्यमा सहयोग पुऱ्याउनका लागि यो सिद्धलेक गाउँपालिकाको **क्षमता विकास योजना** तर्जूमा गर्न लागिएको हो ।

यो क्षमता विकास योजना निर्माणको क्रममा आपूर्ति (Supply Driven) तथा मागमा (Demand Driven) आधारित क्षमता विकासको अवधारणा अबलम्बन गरिएको छ । सिद्धलेक गाउँपालिकाले आफ्ना नागरिकहरुलाई प्रवाह गर्ने सार्वजनिक सेवा तथा सुविधाहरूलाई थप प्रभावकारी बनाउन गाउँपालिकाको क्षमतामा अभिवृद्धि गर्ने कार्यमा आपूर्तिमा आधारित क्षमता विकासका कार्यक्रमहरु लक्षित रहेका छन् भने मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू गाउँपालिकामा कार्यरत जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमताको अन्तराललाई सम्बोधन गर्न तर्फ केन्द्रित रहेका छन् ।

## १.२ सिद्धलेक गाउँपालिकाको संक्षिप्त परिचय

बागमती प्रदेश अन्तरगत रहेको धादिङ्ग जिल्लाका १३ वटा स्थानीय तह मध्यको एक सिद्धलेक गाउँपालिका हो । परापूर्वकालदेखि यस क्षेत्रका वासिन्दाहरुको आस्थाको केन्द्र रहेको सिद्धबाबाको मन्दिरको नामबाट यस गाउँपालिकाको नाम सिद्धलेक राखिएको हो भन्ने यहाँको बुद्धिजिविहरुको भनाई छ। स्थानीय निकायको पुनर्संरचना अनुसार सिद्धलेक गाउँपालिका साविकका नलाङ, सलाङ र कुम्पुर गा. वि. स. हरु लाई समेटेर बनेको हो। हाल यस गाउँपालिकालाई ७ वटा वडाहरुमा विभाजन गरिएको छ। यस गाउँपालिकाको कुल क्षेत्रपल १०६.०९ वर्ग कि.मी. रहेको छ । यहाँको कूल जनसंख्या (राष्ट्रिय जनगणना २०६८) अनुसार 23729 र (घरधूरी सर्वेक्षण २०७४) अनुसार 31395 रहेको छ। कूल परिवार संख्या : 6212 जनघनत्व 295.18 जना प्रति बर्ग कि.मि. छ। भने प्रति परिवार औषत व्यक्ति 5.05 रहेको छ। अपाङ्गता भएका व्यक्तिको जनसंख्या 418 रहेको छ।

**तालिका नं.-१,** गाउँपालिकाको वडागत रुपमा घरधुरी तथा जनसंख्या विवरण :

| वडा नं. | बस्ती संख्या | परिवार संख्या | | | जनसंख्या | | | औसत परिवारको आकार |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला घरमुली भएका | पुरुष घरमुली भएका | जम्मा | महिला | पुरुष | जम्मा | |
| १ | ६८ | १६६ | ९२४ | १०९० | २६३२ | २७६६ | ५३९८ | ४.९५ |
| २ | ८१ | १८५ | ९७३ | ११५८ | २९४० | ३१८१ | ६१२१ | ५.२९ |
| ३ | ३९ | ८८ | ६४० | ७२८ | १७५२ | १९७४ | ३७२६ | ५.१२ |
| ४ | ३६ | ९५ | ६८२ | ७७७ | १८७२ | २०२३ | ३८९५ | ५.०१ |
| ५ | ५८ | ११० | ६२७ | ७३७ | १८४१ | १९९८ | ३८३९ | ५.२१ |
| ६ | ४५ | ८५ | ५४८ | ६३३ | १५४३ | १६५१ | ३१९४ | ५.०५ |
| ७ | ४५ | १५५ | ९३४ | १०८९ | २४९९ | २७२३ | ५२२२ | ४.८० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ३७२ | ८८४ | ५३२८ | ६२१२ | १५०७९ | १६३१६ | ३१३९५ | ५.०५ |
| प्रतिशत | | १४.२३ | ८५.७७ | १०० | ४८.०३ | ५१.९७ | १०० | |

स्रोतः सिद्धलेक गाउँपालिकाको गुरु योजना घरधुरी सर्वेक्षण, २०७४

यस गाउँपालिकामा प्रमुख रुपमा ब्राम्हण, मगर, दलित, नेवारको बसोबास रहेको छ। गुरुड., घले, भुजेल, भोटे, तामाड., बोटे, माझी, चेपाड., राई र कुमालको समेत बसोबास रहेको छ। यहाँका ९८ प्रतिशत मानिसहरु हिन्दु धर्म मान्ने गर्दछन। बौद्ध, मुस्लिम र ईसाई धर्म मान्नेहरु पनि केहि मात्रामा रहेका छन्।

बैदेशिक रोजगार, कृर्षि, ब्यापार र जागीर/पेन्शन यहाँका बासिन्दाको प्रमुख आम्दानीको श्रोतको रुपमा रहेको देखिन्छ। ४८ वटा सामुदायिक र २ वटा निजि विद्यालय रहेको यस गाउँपालिकाको साक्षरता दर ८९.३४ प्रतिसत रहेको छ। जसमा महिला साक्षरता दर ४१.६६ प्रतिसत रहेको पाईयो। यस गाउँपालिकाको वडा नं. ५ बाहेक सबै वडामा गरि जम्मा ७ वटा स्थास्थ्य संस्थाहरु रहेका छन्। सामान्यतया सबै नागरिकको आधारभूत स्वास्थ्य सेवामा पुहुँच रहेको छ। सडक पूर्वाधारको राम्रो पहुँच रहेको यस गाउँपालिकामा सबै वडाहरुमा सडक पुगेको छ, १६ कि.मी. पक्कि र २०५ कि.मी. कच्चि सडक संचालनमा रहेको पाईयो।

विद्युत, संचार, खानेपानी जस्ता आधारभूत सेवा तथा सुविधाहरुमा सामान्यतया सबै नागरिकको पहुँच रहेको देखिन्छ।

यस गाउँपालिकाको पूर्वमा निलकण्ठ नगरपालिका र गल्छी गाउँपालिका, पश्चिममा गोरखा जिल्ला, उत्तरमा ज्वालामुखी गाउँपालिका र निलकण्ठ नगरपालिका तथा दक्षिणमा गजुरी र बेनिघाट रोराङ गाउँपालिका रहेका छन्।

## १.३ क्षमता विकास योजनाको आवश्यकता र औचित्य

ज्ञान, सीप सृजनात्मकता, सकरात्मक धारणा, ब्यबहार र प्रतिभा सहितको मानवनै जनशक्ति हो। मानव संसाधनका रुपमा चिनिने जनशक्ति केवल जनशक्ति मात्र नभई विभिनन संसाधनहरुको परिचालनकर्ता पनि हो। संगठनमा अन्य साधनहरु निर्जीब हुन्छन, यिनै निर्जिब साधनहरुलाई सजीबताका साथ परिचालन गरि संगठनको लक्ष्य प्राप्तिमा विद्यमान मानव संसाधनको महत्वपूर्ण भूमिका रहेको तथ्य हामी सबैमा विदित नै छ। कुनै एउटा संस्था वा संगठन क्षमतावान हुनको लागि तहाँ मानवसंसाधनको साथै संस्थागत संरचना र विधि/प्रणालीहरु पनि अपेक्षित हुनुपर्दछ। एउटा संस्था वा संगठनको स्थापना भएसंगै पूर्ण क्षमतावान हुन सक्दैन, समयक्रमसंगै बिद्यमान क्षमतामा विकास गर्दै जानुपर्दछ। अपेक्षित क्षमतामा पुग्नको लागि विद्यमान क्षमता र अपेक्षित क्षमता बीचको अन्तराल (GAP) पहिचान हुनुपर्दछ र सो क्षमता अन्तराल (GAP) परिपूर्ति गरि अपेक्षित क्षमता हासिल गर्नका लागि निश्चित अविधिको क्षमता विकास योजना निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनको आवश्यकता पर्दछ।

यस सिद्धलेक गाउँपालिकालाई स्थानीय सरकारको रुपमा संविधान र ऐनद्वार प्रदत्त अधिकार भित्र रहेर स्थानीय स्तरमा आवश्यकता बमोजिमको नीति, योजना तथा कार्यक्रम र बजेट निर्माण, आर्थिक तथा सामाजिक विकास, खर्चको मितब्ययीता तथा पारदर्शीता, नागरिक प्रति उत्तरदायी र जवाफदेही शासन प्रणालीको स्थापना र विकासको लागि यस गाउँपालिकाको क्षमता विकास गर्नुपर्ने क्षेत्रहरुको विश्लेषण र पहिचान गरि तद्अनुरुपका त्रिवर्षीय क्षमता विकासका कार्यक्रमहरुको तर्जूमा र प्रभावकारी कार्यान्वयन गरि उपर्युक्त कार्य जिम्मेवारीहरु कुशलतापुर्वक सम्पादन गर्न सक्षम बनाउनको लागि यस गाउँपालिकाको समग्र क्षमता विकास योजना निर्माण गर्नु आफैमा औचित्यपूर्ण ठहर्दछ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको संस्थागत स्वमूल्यांकन कार्यविधि अनुसार स्थानीय तहको स्वमुल्यांकन भई कमजोर देखियका कार्य क्षेत्रहरुमा सुधार गर्दै लैजान स्थानीय तहको विद्यमान क्षमताको क्रमिक विकासमा उचित सहयोग गर्न आवश्यक देखिएको छ ।

नेपालमा संघीय संरचनाको स्थापना पछि संघ र प्रदेश सरकारको तर्फबाट स्थानीय सरकारको क्षमता विकासका लागि केहि प्रयासहरु भएता पनि, स्थानीय सरकारकै अग्रसरता र सहभागितामा व्यवस्थित र योजनाबद्ध प्रयासहरु भएको पाइदैन । स्थानीय स्तरमा व्यवस्थित र योजनाबद्ध क्षमता विकास रणनीतिको अभावमा विगतमा संघ र प्रदेशको सहयोगमा संचालित क्षमता विकासका कार्यक्रमहरुको प्रभावकारीता र स्थानीय तहको अपनत्वमा पनि कमी कमजोरी अनुभव गरिएको छ । तसर्थ स्थानीय सरकारको आफ्नै अग्रसरता र सहभागितामा वास्तविक क्षमता विकास योजनाको निर्माण र यसको प्रभावकारी कार्यान्वयन आजको टड्कारो आवश्यकता हो भन्दा कसैको विमति नहोला । यसले स्थानीय तहहरुको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ र वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि २०७७ ले कल्पना गरेको पूर्ण क्षमतालाई साकार बनाउन सहयोग पुऱ्याउने नै छ ।

क्षमता विकास योजना तर्जूमा, स्वीकृत र कार्यान्वयनको मुख्य औचित्य भनेको स्थानीय सरकारको सेवा प्रवाहको गुणस्तरमा सुधार गर्नु नै हो । गाउँपालिकाले प्रवाह गर्नु पर्ने सेवाहरु मुख्यतः संविधानको अनुसूची ८ मा उल्लेखित एकल अधिकारका क्षेत्रहरुमा हालको सेवा प्रवाहको अवस्थालाई मनन गरी आगामी दिनमा समग्र सेवा प्रवाहलाई प्रविधियुक्त, जनमैत्री, उत्तरदायी, पारदर्शी र गुणस्तरीय बनाउने ध्येयका साथ प्रमुख सरोकारवालाहरुको प्रत्यक्ष संलग्नतामा यो **सिद्धलेक गाउँपालिकाको क्षमता विकास योजना-२०७९** तर्जूमा गरिएको हो ।

## १.४ क्षमता विकास योजना तर्जूमा विधी र प्रकृया

**यस सिद्धलेक गाउँपालिकाको क्षमता विकास योजना तर्जूमा गर्दा देहाय बमोजिमका विधि र प्रकृयाहरुको अबलम्बन गरिएको छ ।**

* क्षमता विकास योजना तर्जूमा सम्बन्धमा गाँउपालिका अन्तरगतका प्रमुख सरोकारवालाहरुः निर्वाचित जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत सहित शाखा प्रमुखहरु, गाउँपालिका अन्तर्गतका कर्मचारी र वडा सचिवहरुसंग छलफल तथा परामर्श ।

* गाँउपालिका सम्बद्ध सबै पक्षहरु (जनप्रतिनिधि, कर्मचारी र वडा कार्यालय) को प्रतक्ष सहभागितामा क्षमता विकास संग सम्बन्धीत रहेर विद्यमान क्षमताको अवस्था र अपेक्षित क्षमता विचको रिक्तताको सम्बन्धमा स्व-मूल्यांकन लेखाजोखा र स्व-महशुसिकरण गर्ने गराउने ।
* स्थानीय तहको मानव संसाधन संरचना, निर्बाचित जनप्रतिनिधिः प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र वडा सदस्य, ऐन बमोजिमका समितिहरु र विभिनन तह र बिषयगत कर्मचारीहरुको कार्यविवरणमा आधारित भई क्षमताको अन्तराल र आवश्यकता पहिचान गर्ने । यसका लागि स्थानीय तहले गरेको संस्थागत स्व-मूल्याङ्कन (LISA) र वित्तीय सुशासन  जोखिम स्व-मूल्याङ्कन लाई समेत प्रमुख आधार बनाइएको ।
* यस गाउँपालिकामा पहिचान भएका मानव संसाधन विकास, संस्थागत विकास तथा विधि/प्रणालीको विकास अन्तरगतका कार्यक्रमहरुलाई समेटेर प्राथमिकताक्रम अनुसार पहिलो, दोश्रो र तेश्रो वर्ष उल्लेख गरेर त्रिवर्षीय क्षमता विकास योजनामा समावेश गरिएको ।
* यस गाउँपालिकाको  क्षमता विकास योजना अनुसार गाउँपालिका र विभिन्न निकायहरु (संघीय सरकार, प्रदेश सरकार, प्रदेश सुशासन केन्द्र, विकास साझेदार) बाट प्राप्त हुने सम्भावित योगदानको लेखाजोखा गरि ३ वर्षको क्षमता विकास कार्यक्रम र स्रोतको अनुमान गरिएको ।
* क्षमता विकास योजना तर्जूमाको सिलशीलामा चेकलिस्ट तथा प्रश्नावली प्रयोग गरि गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुसंग प्रत्यक्ष भेटघाट, टेलिफोन, इमेल, लगायतका माध्यमबाट छलफल, परामर्श, अन्तर्क्रिया एवं अवलोकन र विद्यमान दस्तावेजहरुको अध्ययन  जस्ता सहकार्यात्मक  विधिहरु अपनाइएको ।
* यस गाउँपालिकामा कार्यरत जनप्रतिनिधिहरु र कर्मचारीहरुको बर्तमान क्षमताको बिष्लेशण र पहिचान गरि उनीहरुले नियमित सम्पादन गर्ने बिषय क्षेत्रहरुको कार्य सम्पादनमा देखिएको क्षमता अन्तरालको एकिन गरि सो को जगमा क्षमता  विकासका  आवश्यकताहरु पहिचान गरिएको र आवश्यक विषयगत क्षमता विकासका  कार्यक्रमहरुको प्राथमिकता क्रम, समय र स्रोत समेतको आंकलन गरी  यस गाँपालिकाको प्रारम्भिक त्रिवर्षीय क्षमता  विकास  योजना तयार गरिएको ।
* प्रारम्भिक त्रिवर्षीय क्षमता  विकास  योजना सिद्धलेक गाउँपालिका र प्रदेश सुशासन केन्द्र बागमती प्रदेशमा पेश गरि तहाँबाट प्राप्त सल्लाह सुझाबहरुलाई समेटेर योजनालाई अन्तिम रुप दिइएको ।

## १.५ क्षमता विकास योजना तर्जूमाका सीमाहरु

क्षमता विकास  योजना तर्जूमा प्रक्रियाको लागि सिद्धलेक गाउँपालिका पुग्दा स्थनीय तह निर्वाचनको चहलपहल सुरु भैसकेको थियो । चुनाबी वातावरणकै कारण गाउँपालिकामा आयोजना गरिएको कार्यशाला गोष्ठीमा केही निर्वाचित पदाधिकारीहरुको मात्र उपस्थिति रहेता पनि समग्र उपस्थिति प्रतिनिधिमूलक नै रह्यो । कर्मचारी र शिक्षकहरुको उपस्थिति भने उल्लेख्य थियो ।  छलफल कार्यशाला, संस्थागत अवस्था ( अ.बा.क.स./SWOT) विश्लेषण, व्यक्तिगत भेटघाट तथा आवश्यक दस्तावेजहरुको संकलन र अध्ययनबाट योजना तर्जूमाका लागि तोकिएका आवश्यक सबै प्रक्रियाहरु पूरा गरिएको छ । उपर्युक्त प्रकृयाबाट मानव

संसाधन, संस्थागत क्षमता र विधि/प्रणालीगत क्षमता न्यूनताको एकिन गरि आवश्यक क्षमता विकास क्रियाकलापहरुको पहिचान गरिएको छ ।

यद्यपि, यस सिद्धलेक गाउँपालिकाको त्रिवर्षीय क्षमता विकास योजना निर्माणको सिलशीलामा देहाएका केही सीमाहरुको धेर थोर प्रभाव क्षमता विकास योजनामा रहने महशुस गरिएको छ ।

≈ कार्यशर्त अनुसार योजना तर्जूमाको लागि गाउँपालिका तहमा गरिनु पर्ने कार्यहरुमा स्थानीय तहको निर्वाचनका कारण निर्वाचित जनप्रतिनिधिहरुको सिमित सहभागिता र योगदान रहेको ।

≈ स्थानीय तहको निर्वाचनकै कारण गाउँपालिकामा कार्यरत सबै कर्मचारीहरुको अपेक्षित समय, सहभागिता र योगदान हुन नसकेको ।

≈ यो क्षमता विकास योजना गाउँपालिकाका केही जनप्रतिनिधिहरु तथा अलि बढी कर्मचारीहरुसँग गरिएको छलफल र अन्तरकृयाको आधारमा तयार पारिएकोले योजनामा समूहगत स्वार्थले प्रभाव पारेको हुनसक्दछ ।

≈ यो क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोत र साधन विभिन्न निकायबाट प्राप्त हुने अपेक्षा गरिएकोले सो को विनियोजन र उपलब्धताको सुनिश्चितता नरहेको ।

≈ संस्थागत क्षमता विकासका पक्षहरु जस्तै : कार्यालय पूर्वाधार र औजार उपकरणको व्यवस्था गर्ने कार्यक्रमहरु क्षमता विकास योजनामा समावेश नगरिएको ।

## १.६ कार्यकारी सारांश

नेपालको संविधान २०७२, स्थानीय तहको क्षमता विकास दिग्दर्शन २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपाल सरकारले विभिन्न समयमा तर्जुमा गरेको नीति, निर्देशिका र मार्गदर्शनका आधारमा गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, महिला स्थास्थ्य स्वयम्सेवीका, समुदाय, गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालय समेतको मानव संसाधन, संस्थागत र विधि/प्रणालीको समग्र क्षमता विकास गरी प्रभावकारी सेवा प्रवाह र सुशासन प्रबर्धन मार्फत आम नागरिकका विकास र सबृद्धिका आकांक्षा पूरा गर्न सकिने विश्वासका साथ प्रदेश सुशासन केन्द्र बागमती प्रदेशको आर्थिक सहयोग, RIMC, ECoCoDe Nepal, GES (JV) को प्राविधिक सहयोग र सहजीकरणमा यस सिद्धलेक गाउँपालिकाको त्रिवर्षीय (०७९।०८०–०८१।०८२) क्षमता विकास योजना तयार गरिएको छ ।

योजना तर्जूमाको लागि यस गाउँपालिकामा मिति : ८ र ९ बैशाख ०७९ मा सम्पन्न सहभागितामुलक कार्यशाल र अन्य छलफलमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष लगायत जम्मा ४६ जनाको सहभागिता रहेको थियो । सहभागिहरुको सारांश विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका नं.-२,** गाउँपालिकाको वडागत रुपमा घरधुरी तथा जनसंख्या विवरण :

| जम्मा सहभागि संख्या | लिङ्ग | | | जातजाती | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | दलित | जनजाती | अन्य |
| ४६ | २ | ४४ | ० | ० | १२ | ३४ |

*सहभागिहरुको बिस्तृत विवरण **अनुसुचि-१** मा हेर्न सकिने छ ।*

**गाउँपालिका र यसका प्रमुख सरोकारवालाहरुको मानव संशाधन, संस्थागत र विधि/प्रणालीगत क्षमता अभिवृद्धि मार्फत् विकास व्यवस्थापन तथा सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र पारदर्शी बनाउन सहयोग गर्नु यस योजनाको लक्ष्य रहेको छ ।**

*१. गाउँपालिका र यसका प्रमुख सरोकारवालाहरुको कार्यसम्पादन स्तरमा सुधार ल्याउने, २. क्षमता विकासका कृयाकलाप, आवश्यक स्रोत साधनहरूको एकीन र परिपूर्तिका लागि आवश्यक मार्ग दर्शन गर्ने* र *३. स्थानीय विकास प्रक्रिया, सेवा एवम् सुविधामा बहिस्करणमा परेका, अल्पसंख्यक तथा सीमान्तकृत समूदाय र पिछडिएको तथा आर्थिक रूपले विपन्न वर्गको पहुँच वृद्धिमा सहयोग गर्नु* यस क्षमता विकास योजनाको उद्धेश्यहरु हुन् ।

गाउँपालिकाको कार्य सम्पादन स्व-मूल्याङ्कन ०७७।०७८मा जम्मा **५७.७५** अंक प्राप्त गर्दा, **सहकार्य र समन्वयमा-१**, **वातावरण संरक्षण र विपद् व्यवस्थापनमा-४**, **सामाजिक समावेशीकरणमा-३.५, भौतिक पूर्वाधारमा-६.५**,र **न्यायिक कार्य सम्पादनमा-४.५** अंक प्राप्त भएबाट क्रमश कमजोर बिषयगत क्षेत्रहरु प्रष्ट भएका छन् । साथै संस्थागत अवस्था बिश्लेषण, अध्ययन र अबलोकनबाट पनि उपर्युक्त तथ्यलाई नै पुनर्पुष्टि गरेको छ । तसर्थ समग्र गाउँपालिकाको मानव संसाधन विकास, संस्थागत क्षमता विकास र विधि/प्रणालीको विकासमा टेवा पुग्ने गरि जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति र समुदायको आवश्यक क्षमता विकासका कार्यक्रमहरु तय गरि अतिजरुरी र धेरै महत्वराख्ने कार्यक्रमलाई क्रमश पहिलो, दोश्रो र तेश्रो प्राथमिकताक्रम तोकी सोहि बमोजिम यस योजनामा समावेश गरिएको छ ।

उल्लिखित क्षमता न्यूनता र प्राथमिकताका आधारमा जनप्रतिनिधि र कर्मचारीहरुको लागि योजनामा राखिएका क्षमता विकासका कार्यक्रम र बजेटको सारांश विवरण यस प्रकार रहेको छ ।

**तालिका नं.-३,** क्षमता विकास योजनको सारांश विवरण :

| विषयगत क्षेत्रको आधारमा क्षमता विकास कार्यक्रम | | | प्राथमिकताका आधारमा क्षमता विकास कार्यक्रम | | |
|---|---|---|---|---|---|
| मानव संसाधन विकास | संस्थागत विकास | विधि/प्रणाली विकास | प्रथम (P1) | द्वित्तिय (P2) | त्रितिय (P3) |
| ४० | ८ | १४ | १६ | २५ | २१ |
| लक्षित सहभागिको आधारमा क्षमता विकास कार्यक्रम | | | कार्यान्वयन बर्ष (आ.ब.) का आधारमा क्षमता विकास कार्यक्रम | | |
| जनप्रतिनिधि | कर्मचारी | एकल अधिकार | ०८९/०८० | ०८०/०८१ | ०८१/०८२ |
| १३ | २९ | २० | १८ | २० | २४ |
| कार्यान्वयन बर्षका आधारमा बजेटको विवरण | | | | बजेट व्यहोर्ने निकाय | |
| ०८९/०८० | ०८०/०८१ | ०८१/०८२ | **जम्मा रु.** | गाउँपालिका | बाह्य |
| ३०,६०,००० | ३९,३५,००० | ३१,८५,००० | **१,०१,८०,०००** | ६९,९०,००० | ३१,९०,००० |

योजनाका कार्यक्रमगत लागतको आधारमा समग्र योजना कार्यान्वयन गर्न तीन वर्षको लागि कूल रु. १,०१,८०,०००।- रकम आवश्यक देखिएको छ । सो मध्य रु.६९,९०,००० ।- गाउँपालिकाले आफ्नो श्रोतबाट र नपूग बाँकी रकम वाह्य सहयोगी निकायहरुबाट जुटाउने गरि प्रस्ताव गरिएको छ ।

क्षमता विकास योजना कार्यान्वयनमा गाउँकार्यपालिका, बजेट तर्जूमा समिति, प्रशासन तथा योजना र आर्थिक शाखा र क्षमता विकास समन्वय समितिको प्रमुख भूमिका र जिम्मेवारी रहने छ । योजना कार्यान्वयनमा बिस्तृत जिम्मेवारी तालिका ***परिच्छेद-८ को ८.१*** मा हेर्न सकिनेछ ।

क्षमता विकास योजनाको कार्यान्वयन पछि क्षमता विकासका विषयगत क्षेत्र, **मानव संशाधन विकास, संस्थागत विकास र विधि/प्रणालीगत विकास**मा बार्षिक रुपमा प्राप्त हुने प्रतिफलको समेत आंकलन गरिएको छ । जसमा प्रयाप्त पूर्वाधार तथा प्रविधिको प्रयोग सहितको सेवाप्रवाह, संबिधान प्रदत्त एकल अधिकारका क्षेत्रको कार्य सम्पादन स्तर र गाउँपालिकाको समग्र कार्यसम्पादन स्व-मूल्यांकन (LISA) मा प्राप्त हुने अंकको बार्षिक बढोत्तरीलाई आधार मानिएको छ । विषय क्षेत्रगत रुपमा वार्षिक प्रतिफलको विवरण ***परिच्छेद-९ को ९.२*** मा हेर्न सकिनेछ ।

योजनाको कार्यान्वयन भईरहदा त्यसको उद्धेश्यगत प्रभावकारीता, विधि र प्रकृयाको सान्दर्भिकता, श्रोत साधनको उपयोगको एकीन गरि कार्यक्रमको गुणस्तर कामय गर्न, नियमित र बार्षिक अनुगमन क्षमता विकास समन्वय समिति र अनुगमन समितिबाट हुनेछ। भने तेश्रो बर्ष पछि तेश्रो पक्षबाट अन्तिम मूल्याङ्कन गरि उपलब्धि, नतिजा र प्रभावको लेखाजोखा गरिनेछ। क्षमता विकास योजनाको अनुगमन तथा मूल्याङ्कन संयन्त्र ***परिच्छेद-९ को ९.१*** मा हेर्न सकिनेछ ।

यसप्रकार सिद्धलेक गाउँपालिकाको समग्र अपेक्षित क्षमतामा बिद्यमान क्षमता राखेर हेर्दा नपुग क्षमता ( क्षमता न्यूनता) पहिचान गरिएको थियो । त्यहि न्यून क्षमतालाई परिपूर्ति गरि अपेक्षित अवस्था हासिल गर्न त्रिवर्षीय क्षमता विकास योजना निर्माण भएको छ। यस योजनाको पूर्ण अपनत्व सिद्धलेक गाउँपालिका तथा वडा कार्यालयहरुले लिई, योजना अनुरुप आन्तरिक र बाह्य श्रोतको व्यवस्था र विनियोजन गरि उल्लेखित सबै जिम्मेवार पक्षहरुको कृयाशीलता र आवश्यक ईच्छा शक्ति प्रदर्शन गरि क्षमता विकास योजनाको प्रभावकारी कार्यान्वयनबाट निर्धारित उपलब्धि सहितको समग्र लक्ष्य प्राप्तहुने अपेक्षा गरिएको छ ।

# परिच्छेद : २ सिद्धलेक गाउँपालिकाको क्षमता विकास नीति तथा कार्यनीति

## २.१ क्षमता विकासका लागि सिद्धलेक गाउँपालिकाले अंगिकार गरेका नीतिहरु

यस सिद्धलेक गाउँपालिकाले जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासको लागि देहाएका नीतिहरु अंगिकार गरेको छ ।

- सूचना प्रविधिको उचित प्रयोग गरी शासकीय व्यवस्थालाई कुशल पारदर्शी र सेवाग्राही मैत्री बनाईनेछ ।
- संघिय सरकारबाट तोकिएको अस्थायी संगठन संरचना अनुसार कर्मचारी पूर्ती गरी गाउँपालिका संचालन भईरहेकोमा, गाउँपालिकालाई आवश्यक पर्ने संगठन संरचना तयार गरि सेवा संचालन गर्न आर्थिक वर्ष ०७८/०७९ मा संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M survey) गरिनेछ ।
- गाउँपालिकामा रहेका कर्मचारीहरुलाई नीजको माग र सेवाको आवश्यकता अनुसार क्षमता विकासमा जोड दिईनेछ ।
- कर्मचारीहरुको कार्यबोझ र कार्यसम्पादनका आधारमा निश्चित कार्यविधि तयार गरी प्रोत्सहान भत्ता उपलब्ध गराईनेछ ।
- कर्मचारीहरुको मनोबल वृद्धि गर्न मूल्यांङ्कनको वैज्ञानिक आधार तयार गरि उत्कृष्ट कर्मचारी लाई पुरस्कारको ब्यवस्था गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुबाट हस्तलिखित रुपमा संचालन भईरहेको सेवा प्रवाहलाई पूर्ण रुपमा सूचना प्रविधि मैत्री तथा प्रभावकारी बनाउन कर्मचारीको क्षमता विकासको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- गाउँपालिका अन्तरगतका सबै वडा कार्यालयमा सोलार र इन्टरनेट जडान गरी सबै वडा कार्यालयहरुलाई प्रविधि मैत्री वडा बनाईनेछ ।
- गाउँपालिका र वडा कार्यालयहरुमा डिजिटल सोधपुछ कक्ष, डिजिटल सूचना पाटी, डिजिटल नागरिक बडापत्रको व्यवस्थापन गरिनेछ ।
- सेवाग्राहीहरुको बाक्लो उपस्थिती हुने सार्बजनिक स्थानहरुमा निशुल्क ईन्टरनेट सुबिधाको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाले प्रवाह गर्ने सेवा, सुविधा, नीति, नियम, सूचना तथा गतिविधिहरुको सबै नागरिक समक्ष पुऱ्याउन एक मोबाईल एप "सिद्धलेक गाउँपालिका" को विकास गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गर्ने सेवाहरुको थप प्रभावकारीताको लागि आवश्यक सफ्टवयरहरु संचालनमा ल्याईनेछ ।

## २.३ क्षमता विकासका लागि सिद्धलेक गाउँपालिकाले विगत ३ वर्षमा गरेको वजेट विनियोजन

सिद्धलेक गाउँपालिकाले आफ्नो सेवा प्रवाहलाई प्रभावकारी वनाउन तथा सुशासन प्रवर्धन, जवाफदेही र सेवामा गुणस्तरीयता कायम गर्न उपलब्ध जनशक्तिको क्षमता विकासका लागि वार्षिक रुपमा विभिन्न क्षमता विकासका कार्यक्रमहरुमा वजेट विनियोजन गरि प्राथमिकताका साथ कार्यान्वयन गर्ने गरेको छ। सिद्धलेक गाउँपालिकाले विगत ३ आर्थिक वर्षहरुमा क्षमता विकासका लागि गरेको बजेटको विनियोजन देहाय बमोजिम रहेको पाईयो ।

**तालिका नं.-४,** विगत ३ बर्षमा क्षमता विकासका कार्यक्रमका लागि विनियोजित वजेट र कृयाकलाप

| विवरण | आ.व.०७६।०७७ | आ.व.०७७।०७८ | आ.व.०७८।०७९ | क्षमता विकासका मुख्य कृयाकलापहरु |
|---|---|---|---|---|
| क्षमता विकासका कार्यक्रमका लागि विनियोजित वजेट | ७,५०,००० | १३,००,००० | ४,५०,००० | लेखा/आ.ले.प. अभिमुखीकरण, उ.स.योजना अभिमुखीकरण, योजना अनुगमन तथा भ्रमण, सफ्टवयर संचालन तालिम, पन्जिकरण र सेवाप्रवाह तालिम |

## २.४ क्षमता विकाका लागि संचालित कार्यक्रमहरु

संस्थागत क्षमता विकास तथा मानवसंसाधन विकासका लागि यस गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा आवश्यक नितिगत व्यवस्था तथा कार्यक्रमगत रुपमा वजेट विनियोजन गरि प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ । तथापि सुशासन प्रवर्धन र सेवामा गुणस्तरियता तथा प्रभावकारीता कायम गर्न अझै थुप्रै प्रयत्नहरु गर्न आवश्यक देखिएको छ । यस सिद्धलेक गाउँपालिकामा विगत तीन आर्थिक वर्षहरुमा आन्तरिक र बाह्य तवरमा संचालन भएका क्षमता विकासका कार्यक्रमहरु देहायबमोजिम रहेको पाईयो ।

**तालिका नं.-५,** (आन्तरिक, गाउँपालिका आफैले संचालन गरेका कार्यक्रमहरु)

| आ.व.०७६।०७७ | आ.व.०७७।०७८ | आ.व.०७८।०७९ |
|---|---|---|
| - सभासमारोह, दिवस तथा उत्सव<br>- सार्वजनिक सुनुवाई कार्यक्रम<br>- योजना अनुगमन तथा भ्रमण<br>- सफ्टवयर संचालन तालिम<br>- सिप क्षमता विकास तालिम | -उ.स.योजना अभिमुखीकरण कार्यक्रम<br>-योजना अनुगमन तथा भ्रमण<br>-सफ्टवयर संचालन तालिम<br>-पन्जिकरण र सेवाप्रवाह तालिम | -लेखा/आ.ले.प. अभिमुखीकरण कार्यक्रम<br>-अन्तरपालिका अबलोकन भ्रमण<br>-सभासमारोह, दिवस तथा उत्सव<br>-सार्वजनिक सुनुवाई कार्यक्रम |

**तालिका नं.-६,** (बाह्य, अन्य निकायबाट संचालन भएका कार्यक्रमहरु)

| आ.व.०७६।०७७ | आ.व.०७७।०७८ | आ.व.०७८।०७९ |
|---|---|---|
| -विवरण प्राप्त नभएको | विवरण प्राप्त नभएको | -विवरण प्राप्त नभएको |

## परिच्छेद : ३ सिद्धलेक गाउँपालिकाको विद्यमान मानव संसाधन तथा संस्थागत अवस्था३.१ सिद्धलेक गाउँपालिकामा विद्यमान मानव संसाधनको अवस्था

सङ्गठनिक संरचना अनुरुपनै कर्मचारीहरू परिचालन हुने र सेवा प्रवाह गर्ने हुँदा गाउँपालिकाको साङ्गठनिक गतिविधिहरूलाई मार्ग निर्देशन गर्न यसको सङ्गठनिक संरचनाले निकै महत्वपर्ण भूमिका खेलेको हुन्छ । सिद्धलेक गाउँपालिकाले आफ्ना दैनिक कार्य संचालन गरि सेवा प्रवाहलाई व्यवस्थित गर्न तथा गुणस्तरीय बनाउनका लागि सङ्गठनिक ढाँचा स्वीकृत गरी सेवा प्रवाह गर्दै आएको छ। आवश्यकता अनुसार गउँपालिकाको सङ्गठनिक संरचनामा समयसापेक्ष सुधार र परिमार्जन गर्दै, बिद्यमान कर्मचारी संरचना भित्रका प्रत्येक शाखा, उपशाखा तथा इकाईहरूको स्पष्ट कार्य जिम्मेवारी र कार्य विवरण तयार गरी लागू गर्नु पर्ने देखिन्छ । यस सिद्धलेक गाउँपालिकाको मानव संसाधनको स्वीकृत दरवन्दी र कार्यरत जनशक्तिको विवरण ०९ बैशाख ०७९ मा देहाय बमोजिम रहेको छ ।

**तालिका :-७,** संगठनात्मक संरचना अनुसार शाखागत रुपमा स्वीकृत दरवन्दी र पदपुर्तीको अवस्था

| क्र.स. | संगठनात्मक संरचना अनुसार स्वीकृत दरवन्दी | शाखा | संख्या | पदपुर्तीको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | पदपुर्ती | रिक्त | |
| १ | प्रमुख प्रशासकीय अधिकृत, रा.प. तृतीय | कार्यपालिका | १ | १ | ० | संघ |
| २ | अधिकृत सातौं | प्रशासन | १ | १ | ० | |
| ३ | अधिकृत सातौं | लेखा | १ | १ | ० | |
| ४ | अधिकृत सातौं | कृर्षि | १ | १ | ० | |
| ५ | अधिकृत सातौं | पशु | १ | ० | १ | |
| ६ | अधिकृत सातौं | शिक्षा | १ | १ | ० | |
| ७ | ईन्जिनियर छैटौं | पूर्वाधार | १ | १ | ० | |
| ८ | अधिकृत छैटौं | स्वास्थ्य | ३ | ३ | ० | |
| ९ | अधिकृत छैटा | पंजिकरण | १ | १ | ० | |
| १० | सहायक पाचौं | सबै शाखा/ईकाई | २५ | २० | ५ | वडा कार्यालयमा कार्यरत समेत |
| ११ | सहायक चौथो | स्वास्थ्य | १६ | १२ | ४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | अनमी | स्वास्थ्य | ६ | ६ | ० | |
| **जम्मा** | | | ५८ | ४८ | १० | |

## ३.२ सिद्धलेक गाउँपालिकाको समग्र संस्थागत अवस्थाको अ.बा.क.स.(SWOT) विश्लेषण ।

**तालिका :-८,** सिद्धलेक गाउँपालिकाको समग्र संस्थागत अवस्थाको विश्लेषण

| (क) सवल पक्ष (Strength) | (ख) कमजोर पक्ष (Weakness) |
|---|---|
| ⊕ गाउँपालिकामा आवश्यक ऐन, कानून, निर्देशिकाहरुको तयार भई  कार्य सम्पादनमा सहजता हुनु ।<br>⊕ न्यायीक समिति मार्फत न्याय निरुपन राम्रो भएको ।<br>⊕ महिला बिरुद्ध हुने हिंसामा कमी आउनु ।<br>⊕ विभिनन समितिहरुको गठन भई आ-आफ्नो कार्य जिम्मेवारीमा क्रियाशिल रहनु ।<br>⊕ जनप्रतिनिधिहरुको एकता र सामूहिकता सुदृढ हेको ।<br>⊕ निर्णय गर्न र निर्णयको कार्यान्वयन गर्न सहज हुनु ।<br>⊕ आन्तरिक समन्वय र सहकार्य राम्रो हुनु ।<br>⊕ सेवा प्रवाह र शुसान सन्तोषजनक हुनु ।<br>⊕ सार्बजनिक वित्तको परिचालनमा मितव्ययीता हुनु ।<br>⊕ कर्मचारीहरु विचको समूह भावना र एकता राम्रो रहेको ।<br>⊕ बार्षिक योजना तर्जूमा, नीति तथा कार्यक्रम समयमा तयार र पारित हुनु ।<br>⊕ प्रतिबेदन तथा अभिलेख व्यवस्थापन राम्रो रहेको ।<br>⊕ आय-व्ययको विवरण पारदर्शी हुनु र कानूनी व्यवस्था बमोजिम सार्वजनिक गरिनु ।<br>⊕ स्वस्थ वातावरण र सरसफाई राम्रो रहेको ।<br>⊕ प्राकृतिक श्रोत साधन (नदीजन्य) को उपलब्धता हुनु ।<br>⊕ सहकारी संस्था मार्फत तरकारी संकलन तथा बजारीकरणको व्यवस्था हुनु ।<br>⊕ गैर-सरकारी संस्थासंगको साझेदारीका प्रभावकारी कार्य हुनु आयआर्जन ।<br>⊕ आधारभूत पूर्वाधारहरुमा गाउँपालिकाका नागरिकको सहज पहुँच हुनु । | ~ संविधान प्रदत्त अधिकारको कार्यान्वयनमा जनप्रतिनिधिहरुको ज्ञान, सीप, क्षमता र अनुभव अेक्षित नहुनु ।<br>~ पदाधिकारी र कर्मचारीहरुमा कानून बनाउने ज्ञान र सीपको कमी ।<br>~ दरबन्दी अनुसारको जनशक्तिको व्यवस्था नहुनु ।<br>~ अधिकांश कर्मचारीहरुमा सूचना प्रविधि संम्बन्धी ज्ञान, सीप र अभ्यासमा कमी हुनु ।<br>~ आवधिक योजना र मध्यमकालीन खर्च संरचना तयार नहुनु,<br>~ जोखिममा आधारित आन्तरिक नियन्त्रण प्रणाली तर्जूमा नहुनु ।<br>~ प्रविधिहरुको उपलब्धता र प्रयोग अपेक्षित रुपमा नहुनु ।<br>~ लैङ्गिक उत्तरदायी बजेट परीक्षणको व्यवस्था नभएको ।<br>~ सहकारीको व्यवस्थापन, परिचालन र अनुगमन प्रभावकारी नभएको ।<br>~ आन्तरिक स्रोतको बृद्धि र परिचालन अपेक्षित हुन नसक्नु ।<br>~ गाउँपालिका कार्यालयको भौतिक संरचना प्रयाप्त र सेवाग्राही मैत्री नहुनु ।<br>~ कर्मचारीहरुको बिस्तृत कार्य विवरण नहुनु ।<br>~ मेलमिलाप केन्द्रको स्थापना र मेलमिलापकर्ताको व्यवस्था नहुनु ।<br>~ तालिम आवश्यकता पहिचान तथा तालिमका अबशरको कमी रहनु ।<br>~ कर्मचारीलाई सेवा प्रवेश तालिमको व्यवस्था नभएको ।<br>~ सुबिधा सम्मन्न स्वास्थ्य संस्थाको कमी रहेको ।<br>~ स्वास्थ्यका कर्मचारीलाई तालिमको कमी ।<br>~ पर्यटकीय गन्तव्यहरु सिमित हुनुको साथै अपेक्षित प्रर्यटन प्रबर्धन गर्न नसक्नु ।<br>~ खेतियोग्य उर्बरा जमिनको कमी हुनु साथै कृर्षिमा आबर्षणको कमी हुनु ।<br>~ राजस्व सुधार कार्य योजनामा सम्पत्ति कर संकलन सम्बन्धी नीतिगत व्यवस्था नहुनु । |
| **(ग) अवसर (Opportunity)** | **(घ) चुनौती (Threats)** |
| ⊗ संघ र प्रदेश सरकारका नमुना ऐन, कानूनको आधारमा गाउँपालिकाले आवश्यक ऐन कानून बनाउन सकिने ।<br>⊗ प्रदेश सुशासन  केन्द्र, बागमती प्रदेश मार्फत विभिननन क्षमता विकास र सुशासन प्रबर्दनका अवशरहरु हुनु ।<br>⊗ देश सुशासन  केन्द्र, बागमती प्रदेशको आर्थिक सहयोगमा गाउँपालिकाको क्षमता विकास योजना निर्माणको क्रममा रहनु ।<br>⊗ राजस्वको दायरा फराकिलो पार्ने सम्भाबना रहेको ।<br>⊗ कृषिमा व्यवसायीकरण गरी ‘एक वडा, एक उत्पादन’ को अवधारणा लागु गरी जनताको आय स्तर बढाउन सकिने ।<br>⊗ सिद्धबाबा क्षेत्रमा पर्यटन प्रबर्धन गर्न सकिने, यस क्षेत्रमा पदयात्रा तथा होम स्टेको व्यवस्था गर्न सकिने । | © बसाई सराईको बढ्दो प्रबृत्रि देखिनु ।<br>© गाउँपालिकाका ७ वटै वडाहरु ग्रामिण भेगमा रहनु ।<br>© भिरालो र कम उर्बर जमिनको प्रचुरता हुनु ।<br>© आन्तरिक आम्दनीका श्रोतहरु कम हुनु, श्रोतको पहिचान र परिचालन अपेक्षित रुपमा गर्न नसक्नु ।<br>© स्थानीय नागरिकहरुको कृर्षि र पशुमा आकर्षन बढाउन नसक्नु ।<br>© दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्न कठिनाइ हुनु ।<br>© एकिकृत बस्ती विकासको अबधारणालाई प्रबर्धन गर्न नसक्नु ।<br>© मानवीय विकास र यससंग सम्बन्धीत कार्यक्रमहरुलाई महत्व नदिनु, प्राथमिकतामा नराख्नु । |

| | |
|---|---|
| ⊗ व्यबसायिक फलफुल खेती गरि आयआर्जन गर्न सकिने सम्भाबना छ।<br>⊗ कृषि तथा पशु उपजहरुको लागि बजारको उपलब्धता रहेको छ।<br>⊗ गै.स.स. र सहकारी संस्थाहरुको श्रोत परिचालन गर्न सकिने। | |

यस सिद्धलेक गाउँपालिकाको हालको समग्र मानव संशाधन विकास, संस्थागत क्षमता विकास र विधि/प्रणालीको विकासको अवस्थालाई अ.बा.क.स/(SWOT) बिश्लेषण गरेर हेर्दा संस्थागत विकासमा धेरै त्यसपछि मानवसंसाधन विकास र विधि/प्रणालीको विकासमा योजनाबद्ध तवरले काम गर्नुपर्ने देखिएको छ । कार्यपालिकाको कार्यालय भवन तथा वडा कार्यालयहरुका भवनहरुलाई थप सुरक्षित, व्यवस्थित र सेवाग्राहीमैत्री बनाउनु पर्ने आवश्यकता रहेको छ। भने सुबिधा सम्पन्न सभा कक्ष, सहायता कक्ष, स्तनपान कक्ष, समाबेशी संरचना निर्माण गर्नुपर्ने देखिएको छ । आवश्यकता अनुसार कार्यालय फर्निचर, सवारी साधन, कम्प्युटर लगायतका सामग्रीहरुको व्यवस्थापन गर्नु पर्ने देखिन्छ । दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापन र उनीहरुको क्षमता विकासमा लगानी गर्नुपर्ने छ । ऐन, कानून र नीति तर्फ धेरै कामहरु भएको देखिएता पनि संविधान प्रदत्त एकल अधिकारका क्षेत्र भित्रका कार्य सम्पादनमा ब्यापक सुधार गर्नु पर्ने देखिएको छ ।

## ३.३ कार्यालय पूर्वाधार तथा कार्यालय उपकरणको अवस्था

यस सिद्धलेक गाउँपालिकाको पूर्वाधार तथा उपकरणहरुको विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका :-९,** पूर्वाधार तथा कार्यालय उपकरणको विवरण ।

| क्र.स. | कार्यालय पूर्वाधार र उपकरणहरुको विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | **पूर्वाधारहरु** |
| १ | गाउँपालिका कार्यालय भवन | २ वटा | पक्कि २ वटा र प्रिफ्याब १ भवनहरु रहेको, न्यूनतम सेवा प्रवाह गर्न सकिने अवस्था । घेराबारा सहितको सुरक्षित नभएको । सहायता कक्ष, स्तनपान कक्ष, प्रतिक्षालय, अपाङ्गमैत्री संरचना सूचनापाटि, वडापत्र लगायताका व्यवस्था नभएको । सुबिधा सम्पन्न सभा कक्ष नभएको । |
| २ | वडा कार्यालय भवनहरु | ७ वटा | ४ वटा वडाका पक्कि र ३ वटा वडाको प्रिफ्याब भवन रहेको सामान्यतया सेवा प्रवाहमा प्रयाप्त स्थान उपलब्ध रहेको । ईन्टरनेटको सुबिधा राम्रो नभएको । |
| ३ | विषयगत कार्यालय (पशु, कृर्षि, शिक्षा, स्वास्थ्य ...... ) का भवनहरु | | विद्यालय भवनहरु रहेको । पशु र कृर्षि सेवा केन्द्रको लागि छुट्टै र व्यवस्थित कार्यालय भवनहरु नभएको । |
| | | | **उपकरणहरु** |
| १ | दमकल | ० | छैन् । |
| २ | एम्बुलेन्स | ० | छैन् । |
| ३ | सवारी साधन | १४ | २ वटा बोलेरो जिप, ११ वटा मोटरसाईकल र १ वटा स्कुटर चालु अवस्थामा रहेको । |

| | | | |
|---|---|---|---|
| ४ | फोटोकपी | २ | चालु अवस्थामा रहेको । |
| ५ | कम्प्युटर (डेस्कटप) | ५७ | ५७ मध्ये ५२ वटा चालु अवस्थामा र ५ वटा बिग्रको अवस्थामा रहेको । |
| ६ | कम्प्युटर (डेस्कटप) | २६ | २६ मध्ये २५ वटा चालु अवस्थामा र १ वटा बिग्रको अवस्थामा रहेको । |
| ७ | प्रिन्टर | ५८ | ५८ मध्ये ५२ वटा चालु अवस्थामा र ६ वटा बिग्रको अवस्थामा रहेको । |
| ८ | प्रोजेक्टर | २ | २ वटा चालु अवस्थामा रहेको । |
| ९ | ईन्टरनेट | ‡ | सुबिधा छ । भरपर्दो र प्रयाप्त छैन । |
| १० | फर्निचर | ‡ | आवश्यक फर्निचरको व्यवस्था भएको । |

## ३.४ विद्यमान अवस्था र अपेक्षित अवस्था वीचको अन्तराल

यस सिद्धलेक गाउँपालिकाको विद्यमान **मानव संशाधन विकास, संस्थागत विकास र विधि/प्रणाली**को समग्र अवस्थाको बिष्लेशण गर्दा देहाय बमोजिम रहेको पाईयो ।

**तालिका :-१०,** विषयगत रुपमा क्षमता अन्तरालको अवस्था ।

| क्षेत्र | विद्यमान अवस्था | अपेक्षित अवस्था | कार्य सम्पादनमा देखिएको अन्तराल |
|---|---|---|---|
| मानव संसाध | **जनप्रतिनिधि** | | |

| | | | |
|---|---|---|---|
| | ~ संविधान प्रदत्त (अनुसूची-८) अधिकारको कार्यान्वयनमा ज्ञान, सीप, क्षमता र अनुभवको कमी ।<br>~ कानून बनाउने ज्ञान र सीपको कमी ।<br>~ सूचना तथा संचारका प्रविधि संम्बन्धी ज्ञान, सीप र अभ्यासमा कमी ।<br>~ सहभागितात्मक योजना तर्जूमाको ज्ञान र सीपमा कमी ।<br>~ योजनाको कार्यान्वयन, अनुगमन, समीक्षा, प्रतिबेदन र अभिलेख व्यवस्थापनमा ज्ञान र सीपको कमी ।<br>~ नेतृत्व, टोली निर्माण, समझदारी विकास, समन्वय र साझेदारी गर्ने ज्ञान र सीपको कमी ।<br>~ न्याय निरुपण प्रकृया र पद्धतिबारेको ज्ञान र सीपमा कमी ।<br>~ दिगो विकास लक्ष्य र त्यसको स्थानीयकरण सम्बन्धी ज्ञानको कमी ।<br>~ सहकारी र गै.स.स.को व्यवस्थापन, परिचालन र नियमन सम्बन्धी ज्ञान र सीपको कमी ।<br>~ शिक्षा र यसको गुणस्तर अभिबृद्धि गर्ने अबधारणा, ज्ञान र सीपको कमी ।<br>~ प्रगतिशिल कर र आन्तरीक आयबृद्धि ( **स्थानीय श्रोत साधन**) सम्बन्धी अबधारणा, ज्ञान र सीपको कमी ।<br>~ सेवा प्रवाह र सुशासनका नबिनतम् आयामहरुको बारेमा ज्ञानको कमी ।<br>~ लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) र लैङ्गिक उत्तरदायि बजेट (GRB) सम्बन्धीको अबधारणा र ज्ञानको कमी ।<br>~ जलबायू परिवर्तन र वातावरण प्रबर्धन सम्बन्धी ज्ञानको कमी । | ~ संविधान प्रदत्त (अनुसूची-८) अधिकारको प्रभावकारी कार्यान्वयन गर्ने सक्ने ज्ञान, सीप र क्षमता सहितका जनप्रतिनिधिहरु ।<br>~ सक्षम स्थानीय सरकारको लागि आवश्यक सबै कानून तयार र कार्यान्वयनको अवस्था ।<br>~ सूचना तथा संचारका प्रविधिमा पोख्त जनप्रतिनिधिहरु ।<br>~ सहभागितात्मक योजना तर्जूमा गर्न र गराउन सक्ने  जनप्रतिनिधिहरु ।<br>~ योजनाको कार्यान्वयन, अनुगमन, समीक्षा, प्रतिबेदन र अभिलेख व्यवस्थापनमा ज्ञान र सीप भएका जनप्रतिनिधिहरु ।<br>~ नेतृत्व, टोली निर्माण, समझदारी विकास, समन्वय र साझेदारी गर्न जान्ने र सक्ने जनप्रतिनिधिहरु ।<br>~ न्याय निरुपण प्रकृया र पद्धतिअनुरुप न्याय निरुपन गर्न सक्ने न्यायिक समिति ।<br>~ दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न गराउन सक्ने जनप्रतिनिधिहरु ।<br>~ सहकारी र गै.स.स.को व्यवस्थापन, परिचालन र नियमन गर्न गराउन सक्ने जनप्रतिनिधिहरु ।<br>~ गाउँपालिकामा गुणस्तरीय शिक्षाको प्रबर्धन गर्न  गर्न गराउन सक्ने जनप्रतिनिधिहरु ।<br>~ स्थानीय श्रोत साधनको पहिचान र परिचालन साथै प्रगतिशिल कर मार्फत आन्तरीक आयबृद्धि र सन्तुलित विकास ।<br>~ चुस्त सेवा प्रवाह र सुशासनको प्रबर्धन ।<br>~ लैङ्गिक समानता तथा सामाजिक<br>~ समाबेशीकरण (GESI) र लैङ्गिक उत्तरदायि बजेट (GRB) कार्यान्वयनमा रहेको स्थानीय सरकार ।<br>~ जलबायू परिवर्तनका असरलाई न्यूनिकरण गरि, वातावरण प्रबर्धन भएको । | ~ संविधान प्रदत्त (अनुसूची-८) अधिकारको कार्यान्वयनमा अपेक्षित प्रगति नहुनु ।<br>~ आवश्यक कानून, नीती र कार्यविधिहरु नहुदा, नियमित कामहरु प्रभाबित ।<br>~ सूचना तथा संचारका प्रविधिको प्रयोगबाट कार्य गर्न कठिनाई ।<br>~ अपेक्षित योजना तर्जूमा नहुनु ।<br>~ योजनाको कार्यान्वयन, अनुगमन, समीक्षा, प्रतिबेदन र अभिलेख व्यवस्थापन अपेक्षित नहुनु ।<br>~ नेतृत्व, टोली निर्माण, समझदारी विकास, समन्वय र साझेदारीका कार्यहरु हुन नसकेको अवस्था छ ।<br>~ न्याय निरुपणमा अलमल र अस्पष्टताको अवस्था छ ।<br>~ दिगो विकास लक्ष्य, स्थानीयकरणको कार्य प्रारम्भ नै नभएको अवस्था ।<br>~ सहकारी र गै.स.स.को व्यवस्थापन, परिचालन र नियमन सम्बन्धी उल्लेख्य काम नभएको अवस्था ।<br>~ शिक्षाको गुणस्तर खस्किरहेको छ, अनुगमन र नियमन छैन ।<br>~ स्थानीय श्रोत साधनको पहिचान र परिचालन तथ प्रगतिशिल कर को व्यवस्था नभएको अवस्था ।<br>~ सेवा प्रवाहमा चुस्तता र सुशासन प्रबर्धनका कार्यहरु अपेक्षित हुन नसकेको अवस्था ।<br>~ लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) र लैङ्गिक उत्तरदायि बजेट (GRB) सम्बन्धी उल्लेख्य कार्यहरु नभएको अवस्था ।<br>~ जलबायू परिवर्तन र वातावरण प्रबर्धन सम्बन्धी कामको थालनी नभएको अवस्था । |
| | **कर्मचारी** | | |

| | | | |
|---|---|---|---|
| | ~ कार्यसम्पादन विकास पद्धति बारेको ज्ञान र सीपमा कमी ।<br>~ कर्मचारीको अनुगमन, सुपरिवेक्षण, पृष्ठपोषण, उत्प्रेरणा र मनोपरामर्श सम्बन्धी ज्ञान र सीपको कमी ।<br>~ टोली निर्माण, समझदारी विकास, समन्वय र साझेदारी गर्ने ज्ञान र सीपको कमी ।<br>~ सेवा प्रवेश र सेवाकालिन तालिमको व्यवस्था नहुनु ।<br>~ सूचना तथा संचारका प्रविधि संम्बन्धी ज्ञान, सीप र अभ्यासमा कमी ।<br>~ सहभागितात्मक योजना तर्जूमाको ज्ञान र सीपको कमी ।<br>~ योजनाको कार्यान्वयन, अनुगमन, समीक्षा, प्रतिबेदन र अभिलेख व्यवस्थापन ज्ञान र सीपको कमी ।<br>~ सहकारी र गै.स.स.को व्यवस्थापन, परिचालन र नियमन सम्बन्धी ज्ञान र सीपको कमी ।<br>~ शिक्षा र यसको गुणस्तर अभिबृद्धि गर्ने अबधारणा, ज्ञान र सीपको कमी ।<br>~ सेवा प्रवाह र सुशासनका नबिनतम् आयामहरुको बारेमा ज्ञानको कमी ।<br>~ लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) र लैङ्गिक उत्तरदायि बजेट (GRB) सम्बन्धीको अबधारणा, ज्ञान र सीपको कमी ।<br>~ आर्थिक प्रशासिन (बजेट तर्जूमा, विनियोजन, नियन्त्रण, अभिलेख र प्रतिबेदन) सम्बन्धीको अध्याबधिक ज्ञान र सीपको कमी ।<br>~ प्रयोगमा रहेका सफ्टवयरहरु (SuTRA, CoPPoMIS, ...) को संचालन सीपमा कमी । | ~ कार्यसम्पादन विकास पद्धतिको कार्यान्वयन र उच्च स्तरको कार्यसम्दान ।<br>~ कर्मचारीको अनुगमन, सुपरिवेक्षण, पृष्ठपोषण, उत्प्रेरणा र मनोपरामर्श सेवा सहितको सुदृढ कर्मचारी संयन्त्र ।<br>~ प्रभावकारी टोली कार्य, उच्च समन्वय र साझेदारी सहितको कार्य संयन्त्र ।<br>~ सेवा प्रवेश र सेवाकालिन तालिमको नियमितता ।<br>~ सूचना तथा संचारका प्रविधिमा पोख्त कर्मचारी ।<br>~ उपयुक्त योजना तर्जूमा र कार्यान्वयन ।<br>~ योजनाको कार्यान्वयन, अनुगमन, समीक्षा, प्रतिबेदन र अभिलेख व्यवस्थापन चुस्त र दुरुस्त भएको ।<br>~ सहकारी र गै.स.स.को व्यवस्थापन, परिचालन र नियमन नियमित र प्रभावकारी ।<br>~ गाउँपालिकामा गुणस्तरीय शिक्षाको प्रबर्धन ।<br>~ चुस्त सेवा प्रवाह र सुशासनको प्रबर्धन ।<br>~ लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) र लैङ्गिक उत्तरदायि बजेट (GRB) कार्यान्वयन भएको अवस्था ।<br>~ प्रभावकारी आर्थिक प्रशासिन (बजेट तर्जूमा, विनियोजन, नियन्त्रण, अभिलेख र प्रतिबेदन) र व्यवस्थापन भएको ।<br>~ सफ्टवयरहरु (SuTRA, CoPPoMIS, ...) को प्रभावकारी संचालन र अपेक्षिंत नतिजा प्राप्त भएको अवस्था । | ~ कार्यसम्पादन विकास पद्धतिको विकास नभएको र कमजोर कार्यसम्दान स्तर ।<br>~ अनुगमन, सुपरिवेक्षण, पृष्ठपोषण, उत्प्रेरणा र मनोपरामर्शको कमी र कमजोर कर्मचारी संयन्त्र ।<br>~ समन्वय र साझेदारीका कार्यहरु नभएको अवस्था ।<br>~ मध्यम स्तरको सेवा प्रवाह ।<br>~ सेवामा सूचना तथा संचारका प्रविधिको कम प्रयोग ।<br>~ उपयुक्त योजना तर्जूमा र कार्यान्वयन नभएको अवस्था ।<br>~ योजनाको कार्यान्वयन, अनुगमन, समीक्षा, प्रतिबेदन र अभिलेख व्यवस्थापनमा धेरै कमी कमजोरीहरु रहेको अवस्था ।<br>~ सहकारी र गै.स.स.को व्यवस्थापन, परिचालन र नियमन व्यवस्थित र प्रभावकारी नभएको अवस्था ।<br>~ खस्कदो शिक्षाको गुणस्तर ।<br>~ सेवा प्रवाह र सुशासन प्रबर्धनमा कमी कमजोरी ।<br>~ लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) र लैङ्गिक उत्तरदायि बजेट (GRB) सम्बन्धीका कार्यको थालनी नभएको अवस्था ।<br>~ कमजोर आर्थिक प्रशासिन (बजेट तर्जूमा, विनियोजन, नियन्त्रण, अभिलेख र प्रतिबेदन) पेश्कि र बेरुजु रहेको अवस्था ।<br>~ सफ्टवयरहरु (SuTRA, CoPPoMIS, ...) को संचालनबाट अपेक्षित नतिजा प्राप्त नभएको अबसथा । |
| | **उपभोक्ता समिति/समुदाय** | | |
| | ~ योजना परियोजना प्रस्ताब तयार गर्ने सीपको कमी ।<br>~ अभिलेख व्यवस्थापन, लेखापालन र प्रतिबेदन लेखन ज्ञान र सीपको कमी ।<br>~ संचार, समन्वय र समझादारीता विकास गर्ने ज्ञान र सीपको कमी । | ~ योजना परियोजना प्रस्ताब तयार र पेश गर्न सक्ने उ.स.हरु ।<br>~ आवश्यक अभिलेख व्यवस्थापन, लेखापालन र प्रतिबेदन लेख्न सक्ने उ.स.हरु ।<br>~ संचार, समन्वय र समझादारीता विकास गरि कार्य सम्पन्न गर्न सक्ने उ.स.हरु । | ~ गुणस्तरीय योजना परियोजना प्रस्ताब तयार र पेश गर्न कठिनाई ।<br>~ आवश्यक अभिलेख व्यवस्थापन, लेखापालन र प्रतिबेदन लेख्न कठिन ।<br>~ संचार, समन्वय र समझादारीता विकास गर्न कठिन । |

| | | | |
|---|---|---|---|
| संस्थागत विकास | ~ २ वटा भवनहरु प्रयाप्त देखिए पनि सेवा प्रवाहमा साँघुरो, र घेराबारा सहितको सुरक्षित नभएको । सहायता कक्ष, स्तनपान कक्ष, प्रतिक्षालय, अपाङ्गमैत्री संरचना  सूचनापाटि, वडापत्र लगायताका व्यवस्था नभएको ।  सुबिधा सम्पन्न सभा कक्ष नभएको ।<br>~ बारुणयन्त्र (दमकल), एम्बुलेन्स नभएको ।<br>~ आवश्यक सबै सफ्टवयरहरु नभएको ।<br>~ शाखागत कार्य जिम्मेवारी र कार्यविवरणको व्यवस्था नभएको ।<br>~ विद्यालय र स्वास्थ्य संस्थाहरुकोलागि आवश्यक भवनहरु रहेको ।<br>~ पशु र कृर्षि सेवा केन्द्रको लागि छुट्टै र व्यवस्थित कार्यालय भवनहरु, प्राविधिक प्रविधिहरु नभएको ।<br>~ पशु, कृर्षि र पूर्वाधार शाखामा आवश्यक ल्याबहरु नहुनु । | ~ प्रयाप्त, सहज, सुरक्षित, प्रविधिमैत्री, समाबेशी संरचना (सहायता कक्ष, स्तनपान कक्ष, प्रतिक्षालय, अपाङ्गमैत्री) सहित आवश्यक औजार र उपकरणले सहित भएको सुविधि सम्पन्न कार्यालय ।<br>~ बारुणयन्त्र (दमकल) र एम्बुलेन्सको व्यवस्था ।<br>~ आवश्यक सबै सफ्टवयरहरु भएको ।<br>~ शाखागत कार्य जिम्मेवारी र कार्यविवरणको व्यवस्था नभएको ।<br>~ विद्यालय र स्वास्थ्य संस्थाहरुकोलागि आवश्यक भवनहरुको व्यवस्था ।<br>~ श्रोत साधन, प्रविधि र दक्ष जनशक्ति सहितको गुणस्तरीय सेवा दिन सक्ने पशु र कृर्षि सेवा केन्द्र ।<br>~ पशु, कृर्षि र पूर्वाधार शाखामा आवश्यक ल्याबहरुको व्यवस्था । | ~ अप्रयाप्त, साँघुरो, असुरक्षित कार्यालय भवन । जहाँ सहायता कक्ष, स्तनपान कक्ष, प्रतिक्षालय, अपाङ्गमैत्री संरचना सूचनापाटि, वडापत्र लगायताका व्यवस्था नभएको ।  सुबिधा सम्पन्न सभा कक्ष नभएको ।<br>~ बारुणयन्त्र (दमकल) र एम्बुलेन्सको सुविधा नभएको ।<br>~ सेवा प्रवाहमा ढिला सुस्ति ।<br>~ कमजोर कार्यसम्पादन स्तर ।<br>~ विद्यालय र स्वास्थ्य संस्थाहरुबाट नियमित सेवाहरु प्रवाह भईरहेको ।<br>~ पशु र कृर्षि सेवा केन्द्रमा नाम मात्रको सेवा प्रवाह ।<br>~ पशु, कृर्षि र पूर्वाधार शाखाबाट गुणस्तर मापन र आवश्यक सेवा दिन नसकेको अवस्था । |
| विधि/प्रणालीको विकास | ~ आवश्यक सबै कानूनहरु निर्माण नभएको ।<br>~ आबधिक योजना र मध्यकालिन खर्च संरचनाहरु तयार नभएको ।<br>~ जनप्रतिनिधि र कर्मचारीको लाीग आचारसंहिता तयार नहुनु ।<br>~ कार्यसम्पादन विकास प्रणाली र कार्य सम्पादन संझौताको कार्यविधि तयार नहुनु ।<br>~ जोखिममा आधारित आन्तरिक नियन्त्रण प्रणाली तर्जूमा नहुनु ।<br>~ प्रविधिहरुको उपलब्धता र प्रयोग अपेक्षित रुपमा नहुनु ।<br>~ समन्वय र साझेदारीता विकास सम्बन्धी विधि र प्रकृया तयार नहुनु ।<br>~ वातावरण संरक्षण तथा विपद् व्यवस्थापन सम्बन्धी आवश्यक विधि र प्रकृयाहरु तय नहुनु ।<br>~ बौद्धिक सम्पत्तिको संरक्षण, सिकाई र उपलब्धिको व्यवस्थापन र अनुभव आदानप्रदानको विधि तथा प्रणालीको विकास नभएको । | ~ आवश्यक सबै कानूनहरु निर्माण भएको ।<br>~ आबधिक योजना र मध्यकालिन खर्च संरचनामा आधारित बार्षिक योजना र कार्यक्रमहरु  ।<br>~ जनप्रतिनिधि र कर्मचारीले आचार संहिताको पालना गरेको ।<br>~ कार्यसम्पादन विकास प्रणालीको कार्यान्वयन र कार्य सम्पादन संझौताको आधारमा उच्च स्तरमा कार्यसम्पादन ।<br>~ प्रभावकारी आर्थिक प्रशासन, पेश्कि र बेरुजू शुन्य रहेको अवस्था ।<br>~ आवश्यक प्रविधिहरुको उपलब्धता र प्रयोग बाट चुस्त सेवा प्रवाह ।<br>~ समन्वय र साझेदारीता मार्फत योजनाको कार्यानवयनबाट उच्च प्रतिफल प्राप्त ।<br>~ विधि र प्रकृयाबद्ध वातावरण संरक्षण तथा विपद् व्यवस्थापन हुने अवस्था ।<br>~ बौद्धिक सम्पत्तिको संरक्षण, सिकाई र उपलब्धिको व्यवस्थापन र अनुभव आदानप्रदानबाट यथोचित लाभ प्राप्त गरिरहेको अवस्था । | ~ आवश्यक कानूनको अभावमा कार्य प्रभावित भएको अवस्था ।<br>~ टुक्रे र छरपष्ट योजना र कार्यक्रमबाट न्यून प्रतिफल ।<br>~ जनप्रतिनिधि र कर्मचारीको आचरण र व्यबहारमा एकरुपता नहुनु ।<br>~ कार्यजिम्मेवारी, कार्यविवरणमा अलमल कमजोर कार्यसम्पादन स्तर ।<br>~ कमजोर आर्थिक प्रशासन, पेश्कि र बेरुजु रहेको अवस्था ।<br>~ प्रविधिहरुको उपलब्धता र प्रयोग अपेक्षित नहुदा सेवा प्रभावित ।<br>~ समन्वय र साझेदारीता बिहिन अवस्था ।<br>~ वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा कुनै काम नभएको अवस्था ।<br>~ बौद्धिक सम्पत्तिको संरक्षण, सिकाई र उपलब्धिको व्यवस्थापन र अनुभव आदानप्रदानको थालनी नै नभएको अवस्था । |

# परिच्छेद : ४ सिद्धलेक गाउँपालिकाको क्षमता विकास योजनाको लक्ष्य तथा उद्येश्य

## ४.१ क्षमता विकास योजनाको लक्ष्य

सिद्धलेक गाउँपालिका र यसका सहयोगी निकायहरूको मानव संशाधन तथा संस्थागत क्षमता अभिवृद्धि मार्फत् विकास व्यवस्थापन तथा सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र पारदर्शी बनाउन सहयोग गर्नु यस योजनाको लक्ष्य रहेको छ ।

## ४.२ उद्देश्य

सिद्धलेक गाउँपालिकाको क्षमता विकास योजना तर्जूमा गर्नुको प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

* गाउँपालिकाको क्षमता विकास योजना तर्जूमा भई सोको कार्यान्वयनबाट गाउँपालिका तथा सहयोगी निकायहरूको कार्यसम्पादन स्तरमा सुधार गर्नु ।
* क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक स्रोत तथा साधनहरूको एकीन भई सो को परिपूर्तिका लागि सरोकारवालाहरूलाई मार्ग दर्शन गर्नु ।
* स्थानीय विकास प्रक्रिया, सेवा एवम् सुविधामा अल्पसंख्यक तथा सीमान्तकृत समूदाय र पिछडिएको तथा आर्थिक रूपले विपन्न वर्गको पहुँच वृद्धि गर्न सहयोग गर्नु ।

### निर्दिष्ट उद्देश्यहरू

* संविधान तथा प्रचलित कानूनहरूबाट प्राप्त अधिकार अनुरूप जन उत्तरदायीपूर्ण ढंगबाट कार्यसम्पादन गर्नका लागि स्थानीय सरकारको सवल र कमजोर पक्षहरूको पहिचान गर्नु ।
* गाउँपालिकालाई प्राप्त अधिकार र जिम्मेवारी दक्षताका साथ सम्पादन गर्न जननिर्वाचित पदाधिकारी, कर्मचारी तथा सहयोगी निकायहरू लगायत स्थानीय विकासका सरोकारवालाहरूको कार्यदक्षता वृद्धिको आवश्यकता सहभागितात्मक विधि अवलम्बन गरी पहिचान गर्नु ।
* प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक धारणा, ज्ञान र सीप विद्यमान क्षमता बीचको फरक पहिचान र आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न मार्गदर्शन गर्ने ।
* सेवा प्रवाह तथा विकास ब्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि र प्रणालीको अनुसरण तथा प्रयोग गर्न आधार तयार गर्नु ।
* संस्थागत विकास तथा मानव संशाधन विकासका क्षेत्रमा देखिएका कमजोर क्षेत्रहरू पहिचान गरी क्षमता विकास कार्यक्रमलाई प्रक्रियाका रूपमा सञ्चालन, कार्यान्वयन तथा प्रयोग गर्नका लागि कार्यनीति निर्धारण गर्नु ।
* संस्थागत विकासका लागि लगानी गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरी तदनुरूप संस्थागत विकासका कार्यक्रम तय गर्नु ।

## ४.३ सिद्धलेक गाउँपालिकामा क्षमता विकास योजना कार्यान्वयन पछिको अपेक्षित नतिजा


क्षमता विकास योजना तर्जूमा र कार्यान्वयन भएपछि गाउँपालिकाबाट संचालन हुने सेवा प्रवाह तथा विकास ब्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि एवं प्रणालीको प्रयोग एवं अनुशरण भई नतिजामुखी प्रशासन संचालन भएको हुनेछ । यस क्षमता विकास योजना तर्जूमाबाट निम्ननुसारको नतिजा अपेक्षा गरिएको छ ।

* संगठनात्मक संरचनामा देखिएको क्षमता अन्तराल पत्ता लगाई गाउँपालिकाले मानवीय संसाधन, संस्थागथत र विधि/प्रणाली विकासको अवसर प्राप्त गर्नेछ ।
* कर्मचारीको रुची, चाहाना तथा कार्यसम्पादनको स्तर एवं क्षेत्रलाई सम्वोधन गर्ने गरी क्षमता विकास कार्यक्रम कार्यान्वयनको आधार तयार हुनेछ ।
* मानव संसाधन विकासको प्राथमिकता निर्धारण गरी सो क्षेत्रमा उपलव्ध श्रोत विनियोजन गर्नका लागि ३ वर्षे क्षमता विकास कार्ययोजना प्रमुख आधार हुनेछ ।
* माग र आपूर्तिको आधारमा क्षमता विकास कार्ययोजनालाई वर्गिकरण गरी श्रोत साधन जुटाउन उपयुक्त अवसर प्राप्त हुनेछ ।
* मुलुकमा संघीयता कार्यान्वयनका लागि स्थानीय स्तरबाट हुने योगदान गर्न गाउँपालिका सक्षम हुनेछ ।
* गाउँपालिकाको क्षमता विकासको साथै समुदाय र सरोकारवालहरुलाई उनीहरुको कार्य सम्पादन स्तरमा समेत वृद्धि गर्ने अवसर प्राप्त हुनेछ ।

# परिच्छेद : ५ सिद्धलेक गाउँपालिकाको क्षमता विकास आवश्यकता विश्लेषण

क्षमता विकास योजना तर्जूमाको क्रममा सिलशीला र प्रकृयाबद्ध तबरमा क्षमता विकास आवश्यकता विश्लेषण सम्म आईपुग्दा यससंग सम्बन्धीत धेरै पक्षहरु प्रष्ट भईसकेका छन् । हामीले देखे सुनेका र अनुभव गरेको आधारमा भन्न सकिन्छ कि विद्यमान बस्तुस्थितिको जगमा उभिएर अबको गन्तब्य तय गर्नुनै आवश्यकता पहिचान गर्नु हो । तसर्थ यहाँ सिद्धलेक गाउँपालिकाको **मानव संसाधन, संस्थागत र विधि/प्रणाली** को बिद्यमान क्षमता लाई अपेक्षित क्षमताबाट घटाएर क्षमता विकासको आवश्यकताहरु एकिन गरिएको छ ।

**क्षमता विकासका आवश्यकता विश्लेषण**




सिद्धलेक गाउँपालिकाको क्षमता विकास आवश्यकता विश्लेषण जनप्रतिनिधि स्तर, समिति तथा उपसमिति स्तर, कर्मचारी स्तर, संस्थागत स्व-मूल्याँकनका कमजोर सूचकहरु र संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय सरकारका एकल अधिकारका क्षेत्रमा भएको कार्य सम्पादनको स्तरको विश्लेषण गरि गरिएको छ । जसको विस्तृत विवरण देहाए बमोजिम रहेको छ ।

## ५.१ जनप्रतिनिधि स्तर

**तालिका :-११,** जनप्रतिनिधिको क्षमता विकास आवश्यकता विश्लेषण ।

| पदीय जिम्मेवारी वा पद | सम्पादन गर्नु पर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल **(Performance Gap)** | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र ( मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| अध्यक्ष | सभा तथा कार्यपालिकाको बैठक बोलाउने, अध्यक्षता गर्ने, कार्यसूची पेश गर्ने, बार्षिक कार्यक्रम बजेट तयार र पेश गर्ने | कार्यपालिकाको नियमित बैठक बस्ने गरेको<br><br>वार्षिक बजेट तथा कार्यक्रम समयमै पेश गरेको जस्तै–आ.व. ०७८।०७९ को बजेट | प्रभावकारी योजना तर्जूमा, जिवन्त प्रगति समीक्षा र नतिजामुखि अनुगमनको थालनी नभएको । | सहभागितात्मक योजना तर्जूमा, प्रगति समीक्षा र नतिजामुखि अनुगमन सम्बन्धी क्षमता अभिवृद्धि कार्यकम । | मानव संशाधन<br><br>संस्थागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | । निर्णयको कार्यान्वयन गर्ने गराउने । | असार १० गते पेश गरी पारित भएको । | | | |
| | कानून निर्माण सम्बन्धी कार्य । | संविधान र एनले प्रदत्त गरेका र गाउँपालिकाको विधिबत स.चालन र व्यवस्थापनको लागि करिब ९१ वटा (ऐन, नीति, नियम, निर्देशिका, कार्यविधि, आचार संहिता) निर्माण गरि कार्यान्वयनको क्रममा रहेका । | बाँकी रहेका आवश्यक कानून निर्माण नभएको ।<br><br>कानून निर्माण गर्न विज्ञ जनशक्ति कमी रहेको । | कानून निर्माण सम्बन्धी बिस्तृत ज्ञान ।<br><br>कानून निर्माणमा विज्ञ जनशक्तिको व्यवस्थापन । | मानव संशाधन |
| | प्रशासकीय तथा आर्थिक व्यवस्थापन सम्बन्धी कार्य । | प्रशासनिक, आर्थिक तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धीका नियमित कार्यहरु भइरहेको । | सेवा प्रवाहलाई गुणात्क बनाउने ।<br><br>प्रविधिको व्यवस्था र प्रयोग गरि सेवाग्राही मैत्री बनाउन आवश्यक रहेको । | सेवाप्रवाह, सुशासन, नेतृत्व विकास लगायत व्यबस्थापनका नविनतम् आयाम सम्बन्धी अभिमुखीकरण/प्रशिक्षण ।<br><br>आवश्यक प्रविधिको व्यवस्थापन । | मानव संशाधन |
| उपाध्यक्ष | न्यायिक समिति, अनुगमन समित र अन्य विभिनन समितिको संयोजक भई काम गर्ने ।<br><br>गैर सरकारी संस्था र उपभोक्ता हित संरक्षण सम्बन्धीका कार्यको समन्वय गर्ने । | न्यायीक समितिले न्या निरुपणमा राम्रो काम गरेको । ६१ वटा मुद्धामा ५० वटाको किनारा लगाएको । न्यायीक समितिको प्रतिवेदन समयत्रै तयार र पेश भएको ।<br><br>गैरसरकारी संस्था र उपभोक्ता हित संरक्षण का कार्यहरुको समन्वय गरेको ।<br><br>राजस्व परामर्श र<br><br>बजेट तथा कार्यक्रम तर्जूमा समितिको संयोजक भइ काम गरेको । | न्याय निरुपण सम्बन्धी ज्ञान र सीपको कमी ।<br><br>अनुगमन र मूल्यांकन अबधारणा, ज्ञान र सीपको कमी ।<br><br>योजना तर्जूमा, बजेट व्यवस्थापन र समन्वय सीपको कमी । | न्याय निरुपण सम्बन्धी ज्ञान र सीपको अभिबृद्धि कार्यक्रम ।<br><br>विकास आयोजनाको अनुगमन तथा मूल्यांकन ज्ञान र सीप विकास सम्बन्धीका कार्यक्रम ।<br><br>योजना तर्जूमा, बजेट व्यवस्थाप र समन्वय कार्य सम्बन्धीका ज्ञान र सीप अभिबृद्धिका कार्यक्रम । | मानव संशाधन |

| | | | | | |
|---|---|---|---|---|---|
| वडा अध्यक्ष | वडा समितिको समन्वयकर्ता भई काम गर्ने । स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन र समीक्षा गर्ने । सीफारिस तथा प्रमाणित गर्ने । | वडाका नियमित प्रशासनिक तथा समन्वय र अनुगमनका कार्यहरु नियमित रुपमा भईरहेको । ऐन प्रदत्त कार्य जिम्मेवारीहरु ( सीफारिस तथा प्रमाणित) निरन्तर भइरहेको । | योजना तर्जूमा, कार्यान्वयन, अनुगमन र समीक्षा सम्बन्धी अबधारणा, ज्ञान र सीप को कमी । वडा कार्यलयमा प्रयाप्त पूर्वाधार, प्रविधि, उपकरण र दक्ष जनशक्तिको कमी । | योजना तर्जूमा, कार्यान्वयनमा गुणस्तरीयता अभिवृद्धि सम्बन्धी आधारभूत तालिम अनुगमन तथा मूल्यांकन सीप विकास तालिम संचार र समन्वय सीप विकास तालिम | मानव संसाधन |
| कार्यपालिका सदस्य | विषयगत क्षेत्रको संयोजक रहने संयोजनको अबधारणा र भूमिका मानव संशाधन सम्बन्धी कार्यपालिकाले तोकेको कार्य गर्ने । | तोकेको जिम्मेवारी सामान्यतया सम्पादन भईरहेको । | योजना तर्जूमा र संयोजनका कार्यहरुमा थप प्रभावकारीता आवश्यक । | संयोजनको अबधारणा र संयोजकको भूमिका सम्बन्धमा सीपमूलक तालीम | मानव संसाधन |

## ५.२ समिति तथा उप समिति (गठन, परिचालन र कृयाशिलता)

**तालिका :-१२,** समिति तथा उप समितिको क्षमता विकास आवश्यकता विश्लेषण ।

| समिति/ उप समिति | संविधान र स्थानीय सरकार संचालन ऐन बमोजिम सम्पादन गर्नु पर्ने प्रमुख कार्य जिम्मेवारीहरु | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल (Performance Gap) | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र ( मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| न्यायिक समिति | घरायसी भैंभगडा, लैङ्गिक हिंसा, लेनदेन, घरजग्गा विबाद, अन्य व्यक्तिलाई परेको असर, सम्बन्ध विच्छेद, कुटपिट, गाली बेइजति, साधँ मिचेको, आदि । | न्यायीक समितिले न्याय निरुपणमा राम्रो काम गरेको । ६१ वटा मुद्धामा ५० वटाको किनारा लगाएको । न्यायीक समितिको प्रतिवेदन समयत्रै तयार र पेश भएको । गैरसरकारी संस्था र उपभोक्ता हित संरक्षण का कार्यहरुको समन्वय गरेको । मेलमिलाप केन्द्र र समितिहरु गठन नभएको । | मेलमिलाप केन्द्र र समितिहरु गठन नभएको आवश्यक कानूनी किताबहरु उपलब्ध नभएको । | न्याय निरुपण सम्बन्धी ज्ञान र सीपको अभिवृद्धि कार्यक्रम । | स्थागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आवश्यक कानूनी किताबहरु उपलब्ध नभएको । | | | |
| राजस्व परामर्श समिति | राजस्व सम्बन्धी नीति ऐन नियम र सो को परिपालना गर्ने ।<br><br>स्रोत, दर, दायराको निर्णय गर्ने ।<br><br>व्यबसायको प्रवर्द्धन र रोजगारीको सृजना गर्ने ।<br><br>कर, गैरकर आम्दानी, सेवा शुल्क, दस्तुर, आदि बारे निर्णय लिने । | राजस्व परामर्श समितिको नियमित बैठक बसी प्रतिवेदन तयार र पेश गरेको<br><br>कर तथा गैर कर राजस्व सम्बन्धी ऐन , २०७८ लागु भएको ।<br><br>कर, गैरकर आम्दानी, सेवा शुल्क, दस्तुर, आदि बारे निर्णय गरि सो को कार्यान्वियनमा प्रकृयामा रहेको । | आन्तरिक आय प्रक्षेपण अनुसार आय संकलन कार्ययोजनाको कमी र आय बृद्धि गर्न सक्ने दक्ष जनशक्तिको कमी रहेको । | आन्तरिक आयको बार्षिक प्रक्षेपण बमोजिम आय बृद्धि गर्न सक्ने सीप र क्षमताको विकास | मानव संसाधन |
| श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति | आयको प्रक्षेपण गर्ने ।<br><br>आन्तरिक आय, राजस्वको बाँडफाँड बाट प्राप्त हुने राजस्व, वत्तीय हस्तान्तरण र आन्तरिक ऋणबाट प्राप्त हुने आय ।<br><br>स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने ।<br><br>बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने । | आय प्रक्षेपणको कार्य भईरहेको । आन्तरिक आय, हस्तान्तरणबाट प्राप्त आय, र अनुदानको रकमलाई सन्तुलित रुपमा वितरण गरी गाउँपालिकाको सन्तुलित विकासमा प्राथमिकता दिएको ।<br><br>विषयगत शाखा र वडा समितिले निर्धारित समयमा नै कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी कार्य पालिकामा पेश गरेको । | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण कार्यलाई थप प्रभावकारी र यथार्थपरक बनाउन आवश्यक रहेको । | स्रोत अनुमान तथा बजेट सीमा निर्धारणमा समिति र कर्मचारीको क्षमता अभिवृद्धि | मानव संसाधन |
| बजेट तथा कार्यक्रम तर्जूमा समिति | समितिले दिएको बजेट सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने ।<br><br>विषय क्षेत्रगत रुपमा छलफल गर्ने ।<br><br>योजना तथा कार्यक्रममा दोहोरो हुन नदिने ।<br><br>स्थानीय आवश्यकतालाई हेरेर कार्यक्रमको तर्जूमा गर्ने । | समितिले दिएको बजेट सीमा भित्र रही बजेट तथा कार्यक्रमको तर्जूमा र प्राथमिकीकरण गरेको ।<br><br>स्थानीय आवश्यकताको आधारमा बिषयगत छलफल गरि योजना र कार्यक्रमको तर्जूमा गर्ने गरेको । | योजना, बजेट तथा कार्यक्रमको तर्जूमा र प्राथमिकीकरण गर्ने । विषय क्षेत्रगत रुपमा स्थानीय आवश्यकता र सम्भावनाको आधारमा कार्यक्रा तर्जूमा लाई थप प्रभावकारी बनाउन आवश्यक । | योजनाको छनौट तथच तर्जूमा, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने, श्रोतको पहिचान र आँकलन गर्ने ज्ञान र सीप विकासका कार्यक्रमहरु । | मानव संसाधन<br><br>संस्थागत |

## **५.३ कर्मचारी स्तर** (विभिनन तहगत श्रेणी अनुसार)

**तालिका :-१३,** कर्मचारीहरुको क्षमता विकास आवश्यकता विश्लेषण ।

# सिद्धलेक गाउँपालिका, धादिङ्ग
## त्रिवर्षीय क्षमता विकास योजना (०७९।०८०-०८१।०८२)

| पदीय जिम्मेवारी वा पद | सम्पादन गर्नु पर्ने प्रमुख कार्य जिम्मेवारी | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल **(Performance Gap)** | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | - निर्णय कार्यान्वयन सम्बन्धी कार्य ।<br>- योजना, सार्वजनिक खरिद, आर्थिक प्रशासन तथा लेखा परिक्षण सम्बन्धी कार्य ।<br>- अनुगमन, मूल्यांकन सम्बन्धी कार्य । | - सबै प्रकारका नियमित बैठकहरु आयोजना र संचालन गर्ने गरेको ।<br>- गाउँ सभा सम्पन्न गरेको, बजेट समयमा पेश तथा पारित गराएको,<br>- खर्च गर्ने अख्तियारी प्राप्त गरी बजेट कार्यान्वयन गरेको, आर्थिक कारोवारको अभिलेख राख्न लगाएको<br>- लेखापरिक्षण र कर्मचारी प्रशासन राम्रो रहेको । | - आर्थिक विवरणको तयारीमा NPSAS को प्रयोग नगरेको ।<br>- आलेप तथा मलेपका बेरुजुहरु लक्ष्य निर्धारण गरी फछ्र्यौट नभएको ।<br>- अनुगमन संयन्त्र प्रभावकारी नरहेको ।<br>- खरिदको गुरुयोजना तथा योजना नबनाएको ।<br>- शाखा र तहगत कर्मचारीहरुको बिस्तृत कार्य विवरण र कार्यसम्पादन संझौता नभएको । | - NPSAS सम्बन्धी सीप विकास तालिम ।<br>- बेरुजु फछ्र्यौट सम्बन्धी उत्प्रेरणात्मक प्रशिक्षण ।<br>- सार्वजनिक खरिद सम्बन्धी आधारभूत तालीम ।<br>- अनुगमन र कार्यसम्पादन पद्धति सम्बन्धी तालिम । | मानव संसाधन<br><br>संस्थागत विकास |
| प्रशासन योजना तथा अनुगमन शाखा<br><br>(अधिकृत, नास, खसिदार) | 1. आवधिक योजना तयार गर्ने ।<br><br>२. वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने ।<br><br>३.आयोजनाहरुको कार्यान्वयन तथा अनुगमन, मूल्यांकन गर्ने ।<br><br>४.परियोजना बैंक तयार गर्ने । सामाजिक परिक्षण र सार्वजनिक सुनुवाईको व्यवस्था गर्ने<br><br>५. O & M Survey गर्ने<br><br>६. कर्मचारीको कार्यविवरण तयार गर्ने<br><br>७. पदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता बनाउने । | - वार्षिक बजेट तथा कार्यक्रम समयमा तयार र पेश भएको ।<br>- आयोजनाहरुको कार्यान्वयन तथा अनुगमनको कार्य भईरहेको ।<br>- सार्वजनिक सुनुवाइ १ पटक मात्र भएको ।<br>- सबै कर्मचारीहरुको विस्तृत कार्यविवरण नरहेको ।<br>- पालिकाको कूल स्वीकृत दरबन्दी मध्ये केही पदहरु रिक्त रहेको ।<br>- कर्मचारीको लागि संघीयता निजामती आचार संहिता लागु भएको । | - आवधिक योजना तयार नभएको ।<br>- मध्यमकालिन खर्च संरचना तयार नभएका ।<br>- योजना तथा बजेट तर्जूमा दिग्दर्शन तयार नभएको ।<br>- डिजिटल नागरिक वडापत्रको व्यवस्था नभएको ।<br>- सबै कर्मचारीहरुको विस्तृत कार्यविवरण नरहेको ।<br>- अन्तर शाखा समन्वयमा कमी ।<br>- O & M सर्भेक्षण नभएको । | - आवधिक योजना र मध्यमकालिन खर्च संरचना सम्बन्धी प्रशिक्षण ।<br>- अनुगमन तथा मूल्यांकन सम्बन्धी ज्ञान र सीप विकास तालीम<br>- सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षणको विधि र प्रकृया निर्धारण । कर्मचारी र पदाधिकारीहरुको लागि आचार संहिता निर्माण र पालना ।<br>- कार्यसम्पालन पद्धतिबारे ज्ञान र सीप विकास तालिम । | मानव संसाधन<br><br>प्रणालीगत |

| | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक प्रशासन शाखा (लेखा अधिृत, लेखापाल) | १. आय व्ययको सार्वजनिकीकरण गर्ने ।<br><br>२. एकीकृत सम्पत्तिको व्यवस्थापन गर्ने ।<br><br>३. अन्तिम लेखा परीक्षणको प्रतिवेदन तयार गर्ने ।<br><br>४. एकिकृत आर्थिक बिवरणको तयार गर्ने । | - मासिक रुपमा आय व्ययको सार्वजनिकीकरण गर्ने गरेको ।<br>- एकीकृत सम्पत्ति विवरणको लागि सफ्टवेयर तयार भएको<br>- मासिक प्रतिवेदन तथा सूचनाहरु वेभसाइट मार्फत सार्वजनिक गर्ने गरेको ।<br>- बजेटको तर्जूमा, खर्चको लेखा र प्रतिवेदन कार्यमा SuTRA लाई कार्यान्वयनमा ल्याइएको । | - बेरुजु फछ्र्यौट एवं फरफारक सन्तोषजनक नभएको ।<br>- आर्थिक विवरणको तयारीमा NPSAS को प्रयोग नगरेको । | - आर्थिक प्रशासन तथा आन्तरिक नियन्त्रण सम्बन्धी अभिमुखीकरण<br><br>- बेरुजु फछ्र्यौट कार्य योजना | - मानवसंसाधन<br>- प्रणालीगत |
| पूर्वाधार विकास तथा वातावरण ( ईन्जिनियर, सब-ईन्जिनियर, सहायक प्राविधिक) | १.सहरी विकास तथा बस्ती विकास विकास सम्बन्धी नीति तयार, कार्यान्वयन एवं अनुगमन गर्ने ।<br><br>२. भवन सम्बन्धी मापदण्डको तर्जूमा, कार्यान्वयन र नियमन गर्ने ।<br><br>३. वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन ।<br><br>४. पुनः निर्माण सम्बन्धी कार्य । | - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन बनेको ।<br>- वाताबरण संरक्षण तथा फोहरमैला व्यवस्थापन ऐन बनेको ।<br>- पुर्वधार विकासका योजना निर्माण, कार्यान्वयन र अनुगमनका कार्यहरु भईरहेको । | - बस्ती विकास कार्यविधि नभएको<br>- नक्सा पास कार्यविधि नभएका<br>- सार्वजनिक नीजि साझेदारी नीति तयार नभएको<br>- यातायात तथा सवारी व्यवस्थापन कार्यविधि नभएको । | - सार्वजनिक नीजि साझेदारी नीतिको तयारी रल कार्यान्वयन सम्बन्धी अभिमुखीकरण । | - संस्थागत |
| स्वास्थ्य तथा सामाजिक विकास साखा (अधिकृत, सहाएक, अ.हे.ब., अ.न.मी.) | १.नगर स्तरीय अस्पतालको स्थापना र संचालन ।<br><br>२.आधारभूत स्वास्थ्य र सरसफाइ एवं पोषण, प्रजनन स्वास्थ्य सम्बन्धी कार्य । | - सामाजिक सुरक्षा प्रणालीमा आवद्ध लाभग्राहीहरुको तीन पुस्ते विवरण अद्यावधिक गरेको ।<br>- ७ वटा स्वास्थ्य संस्था संचालनमा रहेको ।<br>- स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन कार्यान्वयनमा रहेको ।<br>-१५ शैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको । | - स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन कार्यविधि नभएको<br>- स्वास्थ्य संस्था दर्ता, नवीकरण, स्तरोन्नति तथा थप सेवासम्बन्धी नीति तथा कार्यविधि नभएको<br>- स्वरोजगार कार्यक्रम संचालन सम्बन्धी कार्यविधि नभएको | - सरसफाई र गुणस्तरीय कार्य सम्बन्धी चेतानमूलक अभिमुखीकरण कार्यक्रम ।<br><br>- गैरसरकारी संस्थासँग साझेदारी तथा सहकार्य सम्बन्धी कार्यविधि | - मानव संशाधन प्रणालीगत संस्थागत संस्थागत प्रणालीगत |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. खाद्य पदार्थको गुणस्तर सम्बन्धी<br><br>४. स्वच्छ खानेपानी सम्बन्धी<br><br>५.स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन<br><br>६. औषधी पसल संचालन अनुमति, नियमन<br><br>७.सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी<br><br>८.बेरोजगारीको तथ्यांक संकलन गर्ने । | - वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन ऐन भएको ।<br>- सामाजिक सुरक्षा तथा पंजिकरणका कार्यहरु भईहेको ।<br>- बेरोजगारको तथ्यांक संकलन र व्यवस्थानको कार्य आंशिक रुपमा भईरहेको । | - सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन कार्यान्वयनमा नरहेको ।<br>- मदिरा उत्पादन, विक्रि वितरण तथा नियन्त्रण सम्बन्धी ऐनको निर्माण नभएको ।<br>- गैरसरकारी संस्थासँग साझेदारी तथा सहकार्य नभएको । | | |
| शिक्षा, यूवा तथा खेलकुद (अधिकृत, प्रा.स) | १. बाल विकास, आधारभूत शिक्षा, अनौपचारिक शिक्षा, विशेष शिक्षा सम्बन्धी<br><br>२. गुठी एवं सहकारी विद्यालय<br><br>३.प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी<br><br>४. विद्यालयहरुको जग्गा तथा सम्पत्ति व्यवस्थापन एवं अभिलेख<br><br>५. विद्यालय शिक्षकहरुको दरबन्दी एवं पदपूर्ति व्यवस्था<br><br>६. शैक्षिक गुणस्तरको अभिवृद्धि तथा पाठ्य सामग्रीको व्यवस्थापन । | - शिक्षक दरबन्दी मर्ज तथा मिलान गरेको<br>- शैक्षिक क्यालेन्डर निर्माण भएको<br>- विभिन्न समिति उपसमितिको वैठक बस्ने गरेको<br>- युवा प्रतिभा पहिचान र प्रोतसाहन गन गरेको<br>- जिन्सी तथा सम्पत्ति व्यबस्थापनको ढाँचागत फर्ममा अभिलेख राख्ने<br>- सामुदायिक बिद्यालयको संचालन, व्यवस्थापन र नियमन हुने सामान्य रुपमा हुने गरेको<br>- सामुदायिक बिद्यालयको संख्या माध्यामिक २० र आधारभूत तर्फ १४ रहेको<br>- पाठ्यसामग्रीको वितरण गर्ने गरेको । | - सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुलाई प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि नभएको ।<br>- शिक्षा विकास कोष सम्बन्धी व्यवस्था नभएको ।<br>- पुस्तकालय तथा वाचनालयको स्थापना नभएको ।<br>- गाउँपालिकामा विद्यमान जनशक्तिबाट विद्यालयहरुको अनुगमन गर्न कठिन भएको ।<br>- शिक्षक तथा कर्मचारीको पेशागत क्षमता विकास तर्फ खास काम हुन नसकेको ।<br>- बालमैत्री स्थानीय सरकार निर्माणको लागि आवश्यक कार्यहरु नभएको ।<br>- खेलकुदको क्षेत्रमा आवश्यक कार्यहरु नभएको । | - बालमैत्री स्थानीय सरकार निर्माणको लागि अभिमखिकरण<br>- अतिरिक्त शैक्षिक क्रियाकलापको संचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम ।<br>- शैक्षिक प्रशासन तथा प्रविधिक बिषयक शिक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम<br><br>- प्रधानाध्यापकहरुका लागि नेतृत्व विकास, सार्वजनिक खरिद एवम् लेखापालन सम्बन्धी प्रशिक्षण । | - प्रणालीगत<br>- मानव संशाधन<br>- संस्थागत |

| | | | | | |
|---|---|---|---|---|---|
| कृषितथा पशु सेवा (अधिकृत, सहायक) | १. कृषि सेवा सम्बन्धी<br>२.पशु सेवा सम्बन्धी<br>३.बीउ बिजन, मलखाद, रसायन तथा औषधीको आपूर्ति र नियमन<br>४. कृषकहरुको क्षमता अभिवृद्धि<br>५.कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण | - वटा कृषि समुह गठन भएको।<br>- कृषकहरुलाई ५०% अनुदानम कृषि औजार बितरण गरेको<br>- ७ वटा पकेट क्षेत्रका कृषि फार्महरुलाइ रकम वितरण गरेको<br>- व्यवसायिक तरकारी खेतीका लागि कृषकहरुलाई ५०% अनुदानमा प्लाष्टिक वितरण गरेको<br>- तरकारी खरिद बिक्री केन्द्र स्थापना भएको। | - कृषि कार्यक्रम संचालन तथा अनुदान सम्बन्धी कार्यविधि नभएको<br>- पशु स्वास्थ्य संचालन कार्यविधि नभएको<br>- बीउ बिजन, मलखाद, रसायन तथा औषधी र नियमन सम्बन्धी कार्यविधि नभएको | - प्रांगारिक खेती तथा मल बनाउने सम्बन्धी सीपमूलक तालिम<br>- तालिम बीउ बिजन, मलखाद तथा औषधीसम्बन्धी नियमन कार्यविधिको तर्जुमा | - मानव संशाधन<br>- प्रणालीगत |
| आन्तरिक ले.प. ईकाई (सहायक) | १. गाउँपालिकाको आर्थिक कारोवारको आन्तरिक लेखा परीक्षण गर्ने।<br>२. अन्तिम लेखा परीक्षणको लागि गा.पा. को लेखा श्रेस्तालाई दुरुस्त तथा तयारी हालतमा राख्न लगाउने। | - आन्तरिक लेखा परिक्षण भईरहेको।<br>- लेखाको श्रेष्ता दुरुस्त राखेको। | - आन्तरिक लेखा परीक्षण दिग्दर्शन नभएको। | - आन्तरिक लेखा परीक्षण दिग्दर्शनको तयारी। | - प्रणालीगत |

## ५.४ विषय क्षेत्र अनुसार संस्थागत स्व-मूल्याङ्कन (LISA) मा कमजोर कार्यसम्पादन देखिएका क्षेत्रहरुको विश्लेषण ।

स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनका विषय क्षेत्र अनुसार सिद्धलेक गाउँपालिकाको आ.व. २०७७/०७८ को संस्थागत स्व-मूल्याङ्कनका १० वटा विषय क्षेत्र अनुसार प्राप्त गरेको कुल प्राप्तांक ५७.७५ रहेको छ । जुन मध्यम समूहमा पर्दछ । विषय क्षेत्रगत रुपमा प्राप्त अंकको आधारमा, सहकार्य तथा समन्वय, समाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन, भौतिक पूर्वाधार र न्यायिक कार्यसम्पादन जस्ता क्षेत्रहरुमा निकै कमजोर देखियो भने बाँकी क्षेत्रहरुमा पनि सुधारको आवश्यकता देखिएको छ ।

**तालिका :-१४,** सिद्धलेक गाउँपालिकाको आ.ब. ०७७/०७८ को संस्थागत स्वमूल्याङ्कको सारांस नतिजा

| क.स. | विषय शीर्षक | पूणांङ्क | प्राप्तांक |
|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ७ |
| २ | संगठन तथा प्रशासन | ८ | ६ |
| ३ | वार्षिक वजेट तथा योजना व्यवस्थापन | ११ | ८ |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ११ | ६.२५ |
| ५ | सेवा प्रवाह | १६ | ११ |
| ६ | न्यायिक कार्यसम्पादन | ७ | ४.५ |
| ७ | भौतिक पूर्वाधार | १३ | ६.५ |
| ८ | समाजिक समावेशीकरण | १० | ३.५ |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ४ |
| १० | सहकार्य तथा समन्वय | ६ | १ |
| जम्मा | | १०० | ५७.७५ |

संस्थागत स्व-मूल्याङ्कन (LISA) को आधारमा कमजोर देखिएका विषय क्षेत्रका सूचकहरुमा क्षमता अन्तराल विश्लेषण गरि सुधारका लागि निम्न अनुसारको क्षमता विकासका गतिविधिहरु सञ्चालन गर्नु उपयुक्त देखिन्छ ।

**तालिका :-१५,** सिद्धलेक गाउँपालिकाको आ.ब. ०७७/०७८ को संस्थागत स्वमूल्याङ्कनको विस्तृत नतिजा

| क.स. | स्वमूल्याङ्कनका विषय क्षेत्र र प्रमुख सूचक | पुर्णांक | प्राप्तांक | कमजोर सूचकका आधारमा देखिएको अन्तराल (Gap) | क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम |
|---|---|---|---|---|---|
| १. | **शासकीय प्रबन्ध** | **9** | **7** | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.१. | सभाको संचालन प्रकृया | 1 | 0.5 | सभाको बैठकबारे ७ दिन अगाबै जानकारी नगराएको | सभाको बैठकबारे ७ दिन अगाबै जानकारी गराउनु पर्ने |
| १.१.२. | कार्यपालिकाको निर्णय प्रकृया | 1 | 1 | अन्तराल नदेखिएको | – |
| १.१.३. | सभा/कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण | 1 | 1 | अन्तराल नदेखिएको | – |
| १.२.१. | सभा र कार्यपालिकाका समिति/उपसमिति संचालन सम्बन्धी कार्यविधि | 1 | 1 | अन्तराल नदेखिएको | – |
| १.२.२. | कार्यपालिकाको बैठक संचालन (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्य सूची उपलब्ध गराउने, गणपुरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदी) | 1 | 0.5 | कार्यपालिकाको बैठक संचालन विधि आंशिक रुपमा पालना भएको | – |
| १.२.३. | आन्तरिक नियन्त्रण प्रणाली | 1 | 0 | आन्तरिक नियन्त्रण प्रणली तयार नभएको | आन्तरिक नियन्त्रण प्रणाली विकासको ज्ञान र सीप |
| १.२.४ | स्थानीय तहका पदाधिकारीहरुको सम्पत्ति विवरण | 1 | 1 | अन्तराल नदेखिएको | – |
| १.३.१ | मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या | 1 | 1 | अन्तराल नदेखिएको | – |
| १.३.२ | लेखा प्रणालीमा SuTRA को प्रयोग | 1 | 1 | अन्तराल नदेखिएको | – |
| **२.** | **संगठन तथा प्रशासन** | **8** | **6** | | |
| २.१.१ | गाउँपालिकाको क्षमता विकास | 1 | 0.75 | क्षमता विकास योजना निर्माण नभएको | क्षमता विकास योजना निर्माण |
| २.१.२ | प्रतिवेदन तथा विवरण प्रेषण | 1 | 0.75 | अन्तराल नदेखिएका | – |
| २.२.१ | विषयगत विभाग/महाशाखा शाखा/उपशाखा/एकाइहरु एवं जनशक्तिको काम, कर्त्यव्य, अधिकार र जिम्मेवारीको कार्यविवण | 1 | 1 | अन्तराल नदेखिएको | – |
| २.२.२. | स्थायी पदपूर्ति नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूति | 1 | 1 | अन्तराल नदेखिएको | – |
| २.२.३. | कर्मचारीहरुको कार्यसम्पादन सम्झौता | 1 | 0.5 | अध्यक्ष र प्र.प्रशासकीय अधिृत विच मात्र का.स. संझौता भएको | – |
| २.३.१. | जनशक्ति क्षमता विकासमा लगान | 1 | 1 | अन्तराल नदेखिएको | – |
| २.३.२ | प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति दिन | 1 | 1 | अन्तराल नदेखिएको | – |
| २.३.३. | क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता | 1 | 0 | कुल पदाधिकारी र कर्मचारीको ४०% भन्दा कमको सहभागिता रहेको | क्षमता विकासका कार्यक्रमको महत्व र सहभागिता बृद्धि |

| | | | | | |
|---|---|---|---|---|---|
| **३.** | **बार्षिक बजेट तथा योजना व्यवस्थापन** | **11** | **8** | | |
| ३.१.१. | वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जूमा | 1 | 0.5 | आबधिक योजना र बार्षिक बजेट तथा कार्यक्रमको बीचमा तालमेल नभएको | योजना तर्जूमा विषयको ज्ञान |
| ३.१.२. | बजेट तथा कार्यक्रम तर्जूमा र पारित गर्ने कार्यमा सम्बद्ध समिति र समन्वय | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ३.२.१. | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण | 1 | 0 | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि नीति तथा कार्ययोजना तयार नभएको। | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण सम्बन्धी अभिमुखीकरण |
| ३.२.२. | विषय क्षेत्रगत रुपमा बजेट सिलिङ्ग निर्धारण | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ३.२.३. | बजेट प्रस्तुती तथा स्वीकृति | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ३.२.४. | गैरसरकारी संघ संस्थाहरुले गाउँ/नगरसभाबाट पारित गरी योजना कार्यान्वियन | 1 | 0 | गैससका याजना तथा कार्यक्रमहरु गाउँपालिकाको बार्षिक योजनामा समावेश नभएको | योजना तर्जूमा सम्बन्धमा |
| ३.३.१. | कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा | 1 | 0.5 | कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा १०देखि२०% माब रहेको | आन्तरिक आयको बृद्धि कार्यशाला |
| ३.३.२. | पाँच लाखभन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटले ओगटेको हिस्सा | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ३.३.३. | वार्षिक आन्तरिक आय वृद्धि गत वर्षको तुलनामा | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ३.३.४. | गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गै.स.स. को नगद लागत साझेदारी | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ३.३.५. | समपुरक अनुदानबाट संचालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि विनियोजित बजेट | 1 | 1 | अन्तराल नदेखिएको | – |
| **४.** | **वित्तिय एवं आर्थिक व्यवस्थापन** | **11** | **6=25** | | |
| ४.१.१ | आन्तरिक स्रोत | 1 | 0.75 | आन्तरिक आयको दायरा सम्बन्धमा अध्ययन र सुझाब समाबेश भएको। | आन्तरिक आय बृद्धिका योजना र कार्यान्वयन |
| ४.१.२. | वित्तिय अनुशासन | 1 | 0 | गत बर्षको अन्तिम ले.प.प्रतिबेदनमा कुल खर्चको ५% भन्दा बढी बेरुजु देखिएको। | वित्तिय अनुशासन सम्बन्धी अभिमुखीकरण |
| ४.२.१ | आय व्ययको वर्गिकरण तथा लेखांकानका लागि नेपाल सरकारद्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग | 1 | 1 | अन्तराल नदेखिएको | – |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.२.२. | आय र व्ययको विवरण सार्वजनिकीकरण | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ४.२.३. | प्रचलित कानून अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन | 1 | 0 | खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार भएको | खरिद गुरुयोजना र वार्षिक खरिद योजनाका् कार्यान्वयन |
| ४.२.४. | वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ४.३.१. | रकमान्तर | 1 | 0.5 | स्वीकृत सिमा र शिर्षक भन्दा बाहिर गएर रकमान्तर गरेको | आन्तरीक नियन्त्रण प्रणाली सम्बन्धमा |
| ४.३.२. | प्रशासनिक खर्च | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ४.३.३. | पूँजीगत खर्च | 1 | 0 | पूँजीगत बजेटको ६०% भन्दा खर्च भएको | योजना कार्यान्वियन क्षमता खर्च संयन्त्र सम्बन्धी |
| ४.३.४. | राजस्व संकलन | 1 | 0 | अनुमानको ७०% भन्दा कम राजस्व संकलन भएको | राजस्व संकलन क्षमता अभिबृद्धि |
| ४.३.५. | खर्च गर्ने अख्तियारी | 1 | 1 | अन्तराल नदेखिएको | – |
| **५.** | **सेवा प्रवाह** | **16** | **11** | | |
| ५.१.१. | सेवा प्रवाह | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ५.१.२. | वडाले उपलब्ध गराउने सेवा | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ५.१.३. | सेवा प्रतिको सन्तुष्टि | 1 | 0.5 | केहि सेवाहरुमा मात्र सेवाग्राहीको सन्तुष्टि रहेको | सेवा प्रवाहको प्रभावकारीता सम्बन्धमा |
| ५.२.१. | सेवा प्रवाह प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा कम्प्युटर विलिङ प्रविधिको प्रयोग | 1 | 0.5 | सेवा प्रवाहमा उल्लेखित मध्य २ प्रकारको सूचना प्रविधिको प्रयोग भएको | सेवा प्रवाहको प्रभावकारीता र प्रविधिको प्रयोगमा बृद्धि |
| ५.२.२. | सेवा प्रवाहको मापदण्ड (SOP) | 1 | 0.5 | सेवा प्रवाहको मापदण्ड तयार भएको तर कार्यानवयन नभएको | मापदण्ड कार्यानवयन गर्ने सम्बन्धमा |
| ५.२.३. | बैंकिङ प्रणालीबाट भुक्तानी | 1 | 0.5 | सबै भुक्तानीहरु बैंकिङ प्रणालीबाटगर्ने गरिएको | – |
| ५.२.४. | वडामा सेवा प्रवाहको वैकल्पिक व्यवस्था | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ५.३.१. | गुनासो फछ्र्योट | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ५.३.२. | सामाजिक सुरक्षा भत्ता बैंक खाता मार्फत भुक्तानी | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ५.३.३. | जन्मेको मितिले ३५ दिनभित्र भएको कूल जन्म दर्ता संख्या | 1 | 0 | जन्मेको ३५ दिनभित्र भएको कूल जन्म दर्ता संख्या ७०%भन्दा कम | प्रचार प्रशार सम्बन्धी |
| ५.३.४. | सार्वजनिक सुनुवाई | 1 | 0 | मूल्यांकन अवधिमा १ पटक मात्र सार्बजनिक सुनुवाई भएको | चौमासिक रुपमा सार्बजनिक सुनुवाई गर्ने व्यवस्था गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ५.३.५. | सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ५.३.६. | शिक्षामा सबै बालबालिकाको पहुँच | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ५.३.७. | स्वास्थ्य सेवामा नागरिकको पहुँच | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ५.३.८. | कृषि र पशु सेवा | 1 | 0.5 | स्थापना भएका मध्य केहि कृषि र पशु सेवा केन्द्रमा मात्र अबश्यक जनशक्ति र प्रविधि रहेको | |
| ५.३.९. | स्थानीय उत्पादनको प्रबर्द्धन र बजारीकरण | 1 | 0.5 | स्थानीय उत्पादनको प्रबर्द्धन र बजारीकरणको लागि नीतिगत व्यवस्था गरेको तर सो अनुसार बजार व्यवस्था नभएको | नीति र योजनाको कार्यान्वयन सम्बन्धी |
| **६.** | **न्यायिक कार्य सम्पादन** | **7** | **4=5** | | |
| ६.१.१. | न्याय सम्पादन | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ६.२.१. | मेलमिलाप कर्ताको व्यवस्थापन | 1 | 0 | मेलमिलाप कर्ताहरु नरहेको | मेलमिलाप कर्ताहरुको व्यवस्था सम्बन्धमा |
| ६.२.२. | न्याय समितिको प्रकृया | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ६.२.३. | न्यायिक समितिको प्रतिवेदन प्रणाली | 1 | 0.5 | प्रतिबेदन पेश भएको तर सभामा छलपल नभएको | पेश भएको प्रतिबेदन सभामा छलपल गर्ने |
| ६.३.१. | उजूरी फर्छ्यौट | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ६.३.२. | न्यायिक समितिको निर्णय उपर पुनरावेदन | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ६.३.३. | मेलमिलाप केन्द्र गठन | 1 | 0 | कुनै पनि वडामा मेलमिलाप केन्द्र गठन नभएको | हरेक वडामा मेलमिलाप केन्द्र गठन गर्ने सम्बन्धमा |
| **७.** | **भौतिक पूर्वाधार** | **13** | **6=5** | | |
| ७.१.१. | सडक यातायात गुरुयोजना अनुसार सडक पूर्वाधार निर्माण | 1 | 0 | सडक यातायात गुरुयोजना तयार नभएको | सडक यातायात गुरुयोजना तयार गर्ने |
| ७.१.२. | जोखिम संवेदनशिल भूउपयोग योजना | 1 | 0.5 | जोखिम संवेदनशिल भूउपयोग योजना तयार भएको | योजना कार्यान्वयन सम्बन्धमा |
| ७.१.३. | भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी नीति | 1 | 0 | भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी नीति तयार नभएको | भौतिक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी नीति तयार गर्ने |
| ७.२.१. | बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार | 1 | 0 | बालमैत्री तथा अपाङ्गमैत्री नीति तथा कार्यक्रम नभएको | बालमैत्री तथा अपाङ्गमैत्री नीति तथा कार्यक्रम तयार गर्ने |
| ७.२.२. | निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापन | 1 | 1 | अन्तराल नदेखिएको | – |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.२.३. | योजनाको वातावरणीय अध्ययन- संक्षिप्त, प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ७.२.४. | राष्ट्रिय भवन संहिता र मापदण्ड | 1 | 0 | राष्ट्रिय भवन संहिता पालना नभएको र स्थानीय भवन मापदण्ड तयार नभएको | राष्ट्रिय भवन संहिताको पालना र स्थानीय भवन मापदण्ड तयार गर्ने सम्बन्धमा |
| ७.३.१. | सडकको विस्तार | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ७.३.२. | सडकको स्तर उन्नति | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ७.३.३. | खानेपानी सेवा विस्तार | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ७.३.४. | वार्षिक योजनाको कार्यान्वयन स्थिति | 1 | 0.5 | मूल्यांकन अवधिमा सम्पन्न गर्नुपर्ने स्वीकृत वार्षिक योजनाको (५०-८०%) सम्म भौतिक पूर्वाधारका योजनाहरु सम्पन्न भएको | स्वीकृत वार्षिक योजनाको (१००%) पूर्वाधारका योजनाहरु सम्पन्न गर्ने |
| ७.३.५. | फोहोरमैला व्यवस्थापन | 1 | 0.5 | फोहोरमैला व्यवस्थापनको लागि नीतिगत व्यवस्था भएको | – |
| ७.३.६. | औद्योगिक पूर्वाधार | 1 | 0 | एक स्थानीय तह एक औद्योगिक ग्रामको नीति बमोजिम औधोगिक ग्रामको स्थापना नभएको | औधोगिक ग्रामको स्थापना सम्बन्धी |
| **८.** | **सामाजिक समावेशीकरण** | **10** | **3=5** | | |
| ८.१.१. | सामाजिक विभेदको न्यूनीकरण | 1 | 0.5 | सामाजिक विभेदको न्यूनीकरणका लागि स्थानीय नीति तथा कार्यक्रम तयार भएको | सामाजिक विभेदको न्यूनीकरणका कार्यक्रम |
| ८.१.२. | समानुपातिक सहभागिता | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ८.२.१. | सामाजिक सुरक्षा तथा संरक्षण | 1 | 0 | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी कुनै कार्यहरु नभएको | सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरु |
| ८.२.२. | घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान | 1 | 0.5 | घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियानहरु प्रयाप्त र प्रभावकारी नभएको | घरेलु हिंसा अन्त्यका लागि प्रयाप्त र प्रभावकारी बहस, पैरवी तथा चेतनामूलक अभियानहरु संचालन सम्बन्धी |
| ८.२.३. | बालश्रम, बाल विवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथासँग सम्बन्धी कार्यहरु | 1 | 0.5 | बालश्रम, बाल विवाह, बहुविवाह, दाइजो/दहेज, बोक्शी, छाउपडी जस्ता प्रथाहरुको नियन्त्रणको लागि नीति तथा कार्यक्रमहरु तय भएको | बालश्रम, बाल विवाह, बहुविवाह, दाइजो/दहेज, बोक्शी, छाउपडी जस्ता प्रथाहरुको नियन्त्रणका कार्यक्रमहरु सम्बन्धी |

| | | | | | |
|---|---|---|---|---|---|
| ८.२.४. | लैंगिक उत्तरदायी बजेट परीक्षण (GESI Audit) | 1 | 0 | लैंगिक उत्तरदायी बजेट परीक्षण (GESI Audit) नभएको | लैंगिक उत्तरदायी बजेट परीक्षण (GESI Audit) गर्ने कार्यक्रम सम्बन्धमा |
| ८.३.१. | महिला विरुद्ध हुने घरेलु हिंसाको घटनामा कमी | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ८.३.२. | बालश्रम, बालविवाह, बहुविवाह, दहेज, बोक्शी, छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जूमा गरिएका कार्यक्रममा लगानी | 1 | 0 | बालश्रम, बालविवाह, बहुविवाह, दहेज, बोक्शी, छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जूमा गरिएका कार्यक्रममा ०।२% भन्दा कम लगानी | बालश्रम, बालविवाह, बहुविवाह, बोक्शी, जस्ता प्रथा रोकथामका कार्यक्रममा लगानी अभिबृद्धि सम्बन्धमा |
| ८.३.३. | महिला / दलित / अपांगता भएका व्यक्ति संयोजक / अध्यक्ष भएको उपभोक्ता समितिहरुको संख्या | 1 | 0 | महिला / दलित / अपांगता भएका व्यक्ति संयोजक / अध्यक्ष भएको उपभोक्ता समितिहरुको संख्या १०% भन्दा कम | महिला / दलित / अपांगता भएका व्यक्ति संयोजक / अध्यक्ष भएको उपभोक्ता समितिहरुको संख्यामा बृद्धि गर्ने |
| ८.३.४. | आर्थिक तथा सामाजिक रुपमा पछि परेका समुदाय (महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत) को सामाजिक र आर्थिक उत्थानमा गरिने लगानी | 1 | 0 | आर्थिक तथा सामाजिक रुपमा पछि परेका समुदाय (महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत) को सामाजिक र आर्थिक उत्थानमा गरिने लगानी २% भन्दा कम रहेको | आर्थिक तथा सामाजिक रुपमा पछि परेका समुदाय ( महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत) को सामाजिक र आर्थिक उत्थानमा गरिने लगानीमा बृद्धि गर्ने |
| **९.** | **वातावरण संरक्षण तथा विपद् व्यवस्थापन** | **9** | **4** | | |
| ९.१.१. | विपद् व्यवस्थापन | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ९.२.१. | वातावरणीय प्रदूषण नियन्त्रण (जल, भूमि, ध्वनी, वायु र खाद्य) | 1 | 0.5 | वातावरणीय प्रदूषण नियन्त्रणका कार्यक्रम प्रभावकारी नभएको | उपयुक्त योजना तर्जूमा |
| ९.२.२. | वातावरणमैत्री पूर्वाधार | 1 | 0 | स्थानीय वातावरण ऐन, वातावरणमैत्री नीति तथा कार्यक्रम नभएको | वातावरण मैत्री ऐन र नीति निर्माण सम्बन्धमा |
| ९.२.३. | विपद् जोखिम क्षेत्रको पहिचान र नक्सांकन | 1 | 0.5 | विपद् जोखिम क्षेत्रको पहिचान र नक्सांकन भएको तर सो अनुसार तर्जूमा नभएको | कार्यक्रम तर्जूमा |
| ९.३.१. | वातावरणीय क्षेत्र प्रबर्द्धनमा बजेट विनियोजन | 1 | 0.5 | वातावरणीय प्रबर्द्धन (बाल उद्यान, खुला, हरियाली क्षेत्र विस्तार) मा समानिकरण अनुदानको १-३% बजेट विनियोजन गरेको | वातावरणीय प्रबर्द्धन (बाल उद्यान, खुला, हरियाली क्षेत्र विस्तार) मा समानिकरण अनुदानको बजेट बृद्धि गर्ने |
| ९.३.२. | वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै.स.स. को सहभागिता | 1 | 0 | वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै.स.स. को सहभागिता नरहेको | वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै.स.स. को सहभागिता गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ९.३.३. | स्थानीय विपद् व्यवस्थापन कोषमा बजेट विनियोजन र खर्च (वार्षिक रुपमा) | 1 | 1 | अन्तराल नदेखिएको | – |
| ९.३.४. | टोल विकास संस्था गठन तथा संचालन | 1 | 0 | टोल विकास संस्था गठन तथा संचालन सम्बन्धी कुनै कानून नभएको । संस्था गठन नभएको | नीतिगत व्यवस्था र टोल विकास संस्था गठन गर्ने |
| ९.३.५. | एम्बुलेन्स, अग्नी नियन्त्रण जस्ता आकस्मिक सेवाहरुको उपलब्धता | 1 | 0.5 | एम्बुलेन्स, अग्नी नियन्त्रण जस्ता आकस्मिक सेवाहरुमा ५०% सम्म जनसंख्याको पहुच रहेको | पहुँचमा बृद्धि गर्ने |
| **१०.** | **सहकार्य र समन्वय** | **6** | **1** | | |
| १०.१.१. | संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वय | 1 | 1 | अन्तराल नदेखिएको | – |
| १०.१.२. | अन्तर स्थानीय तह सहकार्य र समन्वय (प्राकृतिक श्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, आपतकालीन सेवा व्यवस्थापन, राजस्व संकलन आदी) | 1 | 0 | अन्तर स्थानीय तहको बीचमा साझा सरोकारका विषयहरु ( प्राकृतिक श्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, आपतकालीन सेवा व्यवस्थापन, राजस्व संकलन आदी) मा सहकार्य र समन्वयको कुनै काम नभएको | साझा सरोकारका विषयहरुमा सहकार्य र समन्वय ज्ञान र सीप सम्बन्धीका कार्यक्रमहरु |
| १०.२.१. | दुई वा सो भन्दा बढी स्थानीय तहको सरोकारको विषयमा बन्ने समितिहरुको गठन र संचालन | 1 | 0 | स्थानीय तहको साझा हित र सरोकारका विषयमा आवश्यक पर्ने कुनै पनि संयुक्त समितिहरुको गठन र संचालन नभएको | साझा सरोकारका विषयहरुमा सहकार्य र समन्वय ज्ञान र सीप सम्बन्धीका कार्यक्रमहरु |
| १०.३.१. | अन्तर सरकारी समन्वय तथा सहजीकरण | 1 | 0 | संघ, प्रदेश र स्थानीय बीचको अन्तर सरकारी समन्वय तथा सहजीकरण बारे कुनै जानकारी नरहेको | साझा सरोकारका विषयहरुमा सहकार्य र समन्वय ज्ञान र सीप सम्बन्धीका कार्यक्रमहरु |
| १०.३.२. | अन्तर स्थानीय तह साझेदारी | 1 | 0 | अन्तर स्थानीय तह साझेदारी सम्बन्धी कुनै काम नभएको | साझेदारी अवधारण सम्बन्धी |
| १०.३.३. | जिल्ला समन्वय समितिसँगको समन्वय | 1 | 0 | जिल्ला समन्वय समितिसँग कुनै किसिमको समन्वय नभएको | समन्वय ज्ञान र सीप |
| | **जम्मा** | **100** | **57= 75** | | |

उपर्युक्त तालिका बमोजिम कमजोर कार्यसम्पादन देखिएको बिषय क्षेत्रगत सुचकहरुमा राखिएका क्षमता विकासका कार्यक्रमहरुलाई क्षमता विकास योजनामा समावेश गरिएको छ ।

## ५.५ संविधान प्रदत्त अधिकार (अनुसूची-८) र कार्यसम्पादन अवस्थाको संक्षिप्त विश्लेषण

यस सिद्धलेक गाउँपालिकामा संविधान प्रदत्त स्थानीय सरकारका एकल अधिकारहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको पाईयो ।

**तालिका :-१६,** सिद्धलेक गाउँपालिकामा संविधान प्रदत्त एकल अधिकारहरुको कार्यान्वयनको संक्षिप्त अवस्था

| क्र.स. | गाउँपालिकाको अधिकारका क्षेत्रहरु | अधिकारको उपयोग भए/नभएको | जनशक्ति भए/नभएको | आवश्यक कानून बनेको/नबनेको |
|---|---|---|---|---|
| १. | नगर प्रहरी | नभएको | नभएको | नबनेको |
| २. | सहकारी संस्था | आंशिक भएको | नभएको | बनेको |
| ३. | एफ.एम. संचालन | नभएको | नभएको | बनेको |
| ४. | स्थानीय कर, सेवा शुल्क, दस्तुर | भएको | भएको | बनेको |
| ५. | स्थानीय सेवा व्यवस्थापन | नभएको | नभएको | नबनेको |
| ६. | स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन | नभएको | नभएको | नबनेको |
| ७. | स्थानीय स्तरका विकास आयोजना तथा परियोजना | नभएको | नभएको | नबनेको |
| ८. | आधारभूत र माध्यमिक शिक्षा | भएको | भएको | बनेको |
| ९. | आधारभूत स्वास्थ्य र सरसफाइ | भएको | भएको | बनेको |
| १०. | स्थानीय बजार व्यवस्थापन | भएको | भएको | बनेको |
| ११. | वातावरण संरक्षण र जैविक विविधता | आंशिक | नभएको | नबनेको |
| १२. | स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र सिंचाइ | भएको | भएको | बनेको |
| १३. | गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | नभएको | नभएको | नबनेको |
| १४. | जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण | नभएको | नभएको | नबनेको |
| १५. | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु, स्वास्थ्य, सहकारी | भएको | भएको | बनेको |
| १६. | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन | भएको | भएको | बनेको |
| १७. | बेरोजगारको तथ्यांक संकलन | नभएको | नभएको | नबनेको |
| १८. | कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | नभएको | नभएको | नबनेको |

| | | | | |
|---|---|---|---|---|
| १९. | खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा | नभएको | नभएको | नबनेको |
| २०. | विपद् व्यवस्थापन | नभएको | नभएको | बनेको |
| २१. | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | नभएको | नभएको | नबनेको |
| २२. | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | नभएको | नभएको | नभएको |

उपर्युक्त तालिकाको विवरणलाई हेर्दा खासगरि नगर प्रहरी, एफ.एम.संचालन, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण, विपद् व्यवस्थापन, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा जस्ता बिषयहरुमा कार्य प्रारम्भ नभएको र ती क्षेत्रहरुबाट लाभ लिन पनि नसकेको देखिन्छ । वातावरण संरक्षण र जैविक विविधता, बेरोजगारको तथ्यांक संकलन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणका क्षेत्रहरुमा आंशिक कार्यहरु भएको र केहि लाभ समेत प्राप्त भएको अवस्था देखिन्छ ।

# परिच्छेद : ६ क्षमता विकास योजनाका प्राथमिकताहरु

क्षमता विकास योजना तर्जूमा र कार्यान्वयनको उद्देश्य मानव संशाधन, संस्थागत तथा विधि/प्रणालीगत क्षमताको अभिवृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु हो । यसरी क्षमता विकास योजना तर्जूमा गर्दा कुन क्षेत्रमा विद्यमान क्षमताको अन्तराल बढी छ त्यस विषयलाई प्राथमिकता दिई क्षमता विकास योजना तर्जूमा गर्न सकियो भने यसको कार्यान्वयन मार्फत लक्ष्यमा पुग्न सहज हुने गर्दछ । तसर्थ यस सिद्धलेक गाउँपालिकाको क्षमता विकास योजना तर्जूमा गर्ने क्रममा गाउँपालिकामा भएको कार्यशाला गोष्ठी, पदाधिकारी तथा कर्मचारीहरुसँग भएको छलफल, समूगत छलफल, सरोकारवालाहरुसँगको छलफल, विगतका वर्षहरुमा भएको क्षमता विकास सम्बन्धी गतिविधिहरुको विश्लेषण तथा सन्दर्भ सामग्रीहरुको अध्ययन तथा विश्लेषणबाट जनप्रतिनिधि, समिति/उपसमिति, शाखा र कर्मचारीहरुको लागि देहायबमोजिम प्राथमिकताका विषयहरु तय गरिएको छ ।

## ६.१ जनप्रतिनिधि स्तर

भर्खरै मात्र सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनवाट निर्वाचित भई जनप्रतिनिधिहरुले धमाधम आफ्नो जिम्मेवारी सम्हालीरहेको बखतमा उनीहरुको क्षमता विकासको सन्दर्भ आफैमा ओजपूर्ण रहन्छ । स्थानीय तहको सेवा प्रवाह र सुशासन प्रवर्धनलाई केन्द्रमा राखेर यस सिद्धलेक गाउँपालिकाका जनप्रतिनिधिहरुको कार्यसम्पादनमा सुधारको लागि आवश्यक क्षमता विकासका कार्यक्रमको प्राथमिकता देहाय बमोजिम तय गरिएको छ ।

**तालिका नं.-१७,** जनप्रतिनिधिको लागि क्षमता विकासका प्राथमिकताका बिषय क्षेत्र तथा कार्यक्रमहरु

| क्र.स. | क्षमता विकासका प्राथमिकताका बिषय क्षेत्र तथा कार्यक्रमहरु |
|---|---|
| 1 | तालिम तथा सीप अभिवृद्धि |
| 2 | अवलोकन, अध्ययन भ्रमण, सिकाई तथा अनुभव आदानप्रदान |
| 3 | सूचना तथा संचार प्रविधिमैत्री कार्य स्थाल र कार्य क्षमता |
| 4 | आवश्यक नीति तथा कानून निर्माण र कार्यान्वयन |
| 5 | जनप्रतिनिधिहरुको काम, कर्तब्य र अधिकार सम्बन्धी स्पष्टता र कायर्दक्षता अभिबृद्धि |
| 6 | सहभागितात्मक योजना तर्जूमा (अर्थपूर्ण जनसहभागिता, पहिचान, प्राथमिकिकरण, श्रोत व्यवस्थापन) अवधारणा, ज्ञान र सीप विकास |
| 7 | योजना कार्यान्वयन, अनुगमन तथा मूल्यांकन सम्बन्धी अवधारणा, ज्ञान र सीप विकास |
| 8 | सेवाप्रवाह, सुशासन, नेतृत्व विकास लगायत व्यवस्थापनका नविनतम् आयाम सम्बन्धी अभिमुखीकरण/प्रशिक्षणका कार्यक्रम |
| 9 | योजनाको कार्यान्वयनमा गुणस्तर परिक्षण विधि र आवश्यक ज्ञान सीपको विकास |
| 10 | संचार, समन्वय, साझेदारिता विकासको अधारणा ज्ञान र सीप अभिबृद्धि |

| | |
|---|---|
| 11 | संयोजन, सहजीकरण र समझदारी निर्माण (Negotiation) अबधारणा र संयोजकको भूमिका सम्बन्धमा अभिमुखीकरण/तालीम |
| 12 | न्याय निरुपण सम्बन्धी ज्ञान र सीप अभिबृद्धि कार्यक्रम |
| 13 | कानून निर्माण सम्बन्धी बिस्तृत ज्ञान |
| 14 | लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) सम्बन्धी अभिमुखीकरण |
| 15 | लैङ्गिक उत्तरदायी बजेट (GRB) सम्बन्धी अभिमुखीकरण |
| 16 | दिगो विकास लक्ष्य स्थानीयकरण सम्बन्धी अभिमुखीकरण |

## ६.२ समिति तथा उप समिति

स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भए वमोजिमका विभिन्न विषयगत समितिहरुको गठन र परिचालनबाटै गाउँपालिकाको समग्र सेवा प्रवाहलाई व्यवस्थित र पभावकारी वनाउन सकिने भएकाले यस गाउँपालिकामा पनि ऐनमा व्यवस्था भए वमोजिमका समिति उपसमिति गठन, र परिचालन भईरहेको पाईयो । उपर्युक्त समितिहरुको थप गतिशीलताका लागि आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधी तथा निर्देशिकाहरु निर्माण र कार्यान्वयनमा ल्याउन आवश्यक छ । यसर्थ यस सिद्धलेक गाउँपालिकामा क्रियाशील समिति तथा उप समितिहरुको कार्यसम्पादनमा सुधारको लागि आवश्यक क्षमता विकासका बिषय क्षेत्र र कार्यक्रमको प्राथमिकता देहाय बमोजिम रहेको छ ।

**तालिका नं.-१८,** समिति तथा उपसमितिको लागि क्षमता विकासका प्राथमिकताका बिषय क्षेत्र तथा कार्यक्रमहरु

| क.स. | क्षमता विकासका प्राथमिकताका बिषय क्षेत्र तथा कार्यक्रमहरु |
|---|---|
| 1 | तालिम तथा सीप अभिवृद्धि |
| 2 | अवलोकन, अध्ययन भ्रमण, सिकाई तथा अनुभव आदान प्रदान |
| 3 | सूचना तथा संचार प्रविधि मैत्री कार्य स्थल र कार्य क्षमता |
| 4 | आवश्यक नीति तथा कानून निर्माण र कार्यान्वयन |
| 5 | न्यायिक समितिको काम, कर्तब्य र अधिकारमा स्पष्टता र कार्यसम्पादन सीप र क्षमता अभिबृद्धि |
| 6 | न्याय निरुपण सम्बन्धी ज्ञान र सीपको अभिबृद्धि |
| 7 | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण प्रकृया सम्बन्धमा समितिको क्षमता अभिवृद्धि |
| 8 | योजनाको छनौट तथा तर्जुमा, बजेट तथा कार्यकमको प्राथमिकीकरण गर्ने, श्रोतको पहिचान र आँकलन गर्ने ज्ञान र सीप विकासका कार्यक्रमहरु |

| | |
|---|---|
| 9 | आन्तरिक आयको बार्षिक प्रक्षेपण बमोजिम आय बृद्धि गर्न सक्ने सीप र क्षमताको विकास |
| 10 | कर, करको दायरा, प्रगतिशिल करको अबधारणा सम्बन्धी अभिमुखीकरण/तालिम |

## ६.३ शाखा, उपशाखा तथा ईकाइ

यस सिद्धलेक गाउँपालिकाका शाखा तथा ईकाइ वाट प्रवाह हुने सेवालाई सहज र प्रभावकारी बनाउनको लागि आवश्यक क्षमता विकासका कार्यक्रमको प्राथमिकता क्रम देहाय बमोजिम रहेको छ ।

**तालिका नं.-१९,** शाखा, उपशाखा र ईकाइको लागि क्षमता विकासका प्राथमिकताका बिषय क्षेत्र तथा कार्यक्रमहरु

| क्र.स. | क्षमता विकासका प्राथमिकताका बिषय क्षेत्र तथा कार्यक्रमहरु |
|---|---|
| 1 | बेरुजु फछ्र्यौट सम्बन्धी उत्प्रेरणा, अभिमुखीकरण र कार्य योजना निर्माण र कार्यान्वयन |
| 2 | आवधिक योजना र मध्यकालिन खर्च संरचना निर्माण र कार्यान्वयन सीप विकास |
| 3 | सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षणको विधि र प्रकृया निर्धारण सम्बन्धी अभिमुखीकरण |
| 4 | आर्थिक प्रशासन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अबधारणा र सीप विकास |
| 5 | सरसफाई र गुणस्तरीय कार्य सम्बन्धी अबधाराणामा स्पष्टता र सचेतना अभिबृद्धि |
| 6 | सार्वजनिक नीजि साझेदारी नीतिको तयारी र कार्यान्वयनको तत्परता |
| 7 | गैरसरकारी संस्थासँग साझेदारी तथा सहकार्य सम्बन्धी कार्यविधि निर्माण |
| 8 | बालमैत्री स्थानीय सरकार निर्माणको लागि नीति निर्माण र कार्यान्वयन |
| 9 | अतिरिक्त शैक्षिक कियाकलापको संचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम |
| 10 | तालिम बीउ बिजन, मलखाद तथा औषधी सम्बन्धी नियमन कार्यविधिको तर्जुमा |
| 11 | आन्तरिक लेखा परीक्षण दिग्दर्शन तर्जूमा र कार्यान्वयन |

## ६.४ कर्मचारी स्तर

जनताको सवै भन्दा नजिकको सरकार स्थानीय तह भएका कारण उनीहरुको जन्म देखि मृत्यु सम्मका व्यक्तिगत घटना, आधारभूत शिक्षा देखि प्राथमिक स्वास्थ्य सेवा, खानेपानी, सडक यातायात सम्म, खाद्य सुरक्षा देखि फोहर मैला व्यवस्थापन सम्म, सामान्य सीफारिश देखी झैझगडा मेलमिलाप सम्मका सवै सेवाहरुमा छिटो छरितो, पारदर्शीता र प्रभावकारीता खोजिरहेका हुन्छन । यि सवै खाले सेवा प्रवाहका लागि कार्यरत कर्मचारीहरुको क्षमता विकास आवश्यक हुन्छ । यसर्थ यस सिद्धलेक गाउँपालिकामा कार्यरत

कर्मचारीहरुको विषयगत क्षेत्र र व्यक्तिगत आवश्यकताको आधारमा प्रभावकारी कार्यसम्पादनका लागि विकास गर्नुपर्ने, क्षमता विकासका कार्यक्रमको प्राथमिकता क्रम देहाय बमोजिम रहेको छ ।

**तालिका नं.-२०,** कर्मचारीको लागि क्षमता विकासका प्राथमिकताका बिषय क्षेत्र तथा कार्यक्रमहरु

| क्र.स. | क्षमता विकासका प्राथमिकताका बिषय क्षेत्र तथा कार्यक्रमहरु |
|---|---|
| 1 | अभिमुखीकरण, कार्यशाला, तालिम तथा प्रशिक्षण |
| 2 | अवलोकन, अययन, भ्रमण तथा अनभव अदानप्रदान |
| 3 | कार्यस्थलको भौतिक सुविधा व्यवस्थापन तथा बिस्तार |
| 4 | सूचना, संचार तथा अन्य उपलब्ध नवीनतम प्रविधिहरुको आवश्यक व्यवस्थापन र विस्तार (प्रबन्ध, जडान, अभिमुखीकरण, तालिम तथा प्रशिक्षण) |
| 5 | ऐन, कानून, नीति, कार्यविधि र आचार संहिता निर्माण र पालना |
| 6 | सम्बन्ध विकास, समन्वय र सहकार्यको अबधारणा र संयन्त्रको निमर्माण र कार्यान्वयन |
| 7 | कार्यसम्पादन पद्धतिको विकास र कार्यसम्पादन करार संझौता पद्धतिको विकास र कार्यान्वयन |
| 8 | नतिजामा आधारित कार्यसम्पादन मूल्यांकन पद्धतिको विकास, प्रशंसा, उत्प्रेरणा, पुरस्कार तथा दण्डको व्यवस्था |
| 9 | अनुगमन तथा मूल्याङ्कन सम्बन्धी पद्धति र ज्ञान र सीप विकास |
| 10 | आर्थिक प्रशासन तथा आन्तरिक नियन्त्रण प्रणालीको विकास र कार्यान्यिन |
| 11 | सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षणको विधि र प्रकृया निर्धारण र कार्यान्वयन |
| 12 | विद्यालयमा नेतृत्व विकास, सार्वजनिक खरिद एवम् लेखापालनमा सीप अभिबृद्धि |
| 13 | पंजिकरण व्यवस्थापन (अनलाईन व्यक्तिगत घटना दर्ता समेत) |
| 14 | लाइब्रेरी स्थापना र व्यवस्थापन (ई लाइब्रेरी समेत) |
| 15 | जिन्सी तथा सम्पत्तिको अभिलेख व्यवस्थापन |
| 16 | प्रशंसनीय खोज तथा सकारात्मक सोंच अबधारणा र ज्ञान हासिल |
| 17 | सामुदायिक मेलमिलाप तथा द्धन्द्ध व्यवस्थापन |
| 18 | प्रांगारिक खेती तथा मल बनाउने सम्बन्धी सीप विकास |
| 19 | कृषि कर्ममा बीउ बिजन, मलखाद तथा औषधी सम्बन्धी नियमन कार्यविधिको तर्जूमा र कार्यान्वयन |

## परिच्छेद : ७ त्रिवर्षीय क्षमता विकास योजना (लक्ष्य, नतिजा र श्रोत)

### ७.१ क्षमता विकास नीति

यस सिद्धलेक गाउँपालिकाले आफ्ना जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासको लागि क्षमता विकास योजना तर्जूमा गर्दा, संघीय मामिला तथा सामान्य प्रशासिन मन्त्रालयको गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जूमा दिग्दर्शन-२०७६, प्रदेश सुशासन केन्द्र बागमती प्रदेशबाट प्राप्त मार्गनिर्देशन, सिद्धलेक गाउँपालिकाको गरु योजना तथा बार्षिक नीति तथा कार्यक्रम र गाउँपालिकाको संस्थागत अवस्था विश्लेषणका आधारमा गाउँपालिकाको क्षमता विकास योजना कार्यान्वयनका लागि देहाय बमोजिमका नीतिहरू अवलम्बन गरिनेछ ।

* क्षमता विकास योजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन, प्रतिबेदन र बार्षिक अद्याबधिक कार्यको लागि गाउँपालिकामा एक क्षमता विकास समन्वय समिति गठन र परिचालन गरिनेछ ।
* क्षमता विकास योजना कार्यान्वयन गर्दा प्रदेश सुशासन केन्द्र, PLGSP, प्रदेश र सङ्घीय सरकारहरूसँग समन्वय गरी दोहोरोपना नहुने गरि कार्यान्वयन गरिनेछ ।
* क्षमता विकासका योजना कार्यान्वयनका लागि यस गाउँपालिकाले प्रत्येक वर्ष वार्षिक बजेटको निश्चित अंश विनियोजन गर्नेछ ।
* क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गर्दा संघीय मन्त्रालय, प्रदेश सरकार तथा अन्य विकास साझेदारहरूसँगको श्रोत साझेदारी र सहकार्यमा संचालन गरिनेछ ।
* क्षमता विकासका कार्यक्रमहरु संचालन गर्दा लक्षित सहभागिहरुको अपेक्षित सहभागिताको सुनिश्चित गरि कार्यक्रमलाई प्रभावकारी र गुणस्तरीय बनाईनेछ ।
* क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्दा महिला, दलित, मधेशी, आदिवासी, जनजाति, सीमान्तकृत लगायत पछाडि परेका वर्ग र समुदायलाई समेत लक्ष्यित गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणलाई प्रवर्द्धन गर्ने खालका क्रियाकलापहरूलाई प्राथमिकता दिईनेछ ।
* संस्थागत तथा विधि/प्रणालीगत क्षमता विकासको क्रममा नवीनतम अवधारणा, प्रविधि तथा सूचना प्रविधिहरूको उपयोगलाई प्राथमिकता दिईनेछ ।
* विकास प्रशासन तथा सेवा प्रवाहमा आएका नवीनतम अवधारणा, सोच, प्रविधि, नयाँ नीति नियम जस्ता विषयहरुमा आवश्यक क्षमता विकास गर्न, संघीय मन्त्रालय, प्रदेश सरकार, आयोग, विभाग तथा अन्य विशिष्ट प्रकृतिका क्षमता विकासका क्षेत्रमा क्रियाशील संघ संस्था र निकायबाट सञ्चालन गरिने कार्यक्रमहरूमा गाउँपालिकाबाट सहभागिता जनाईनेछ ।
* क्षमता विकास योजना कार्यान्वयन गर्दा प्रदेश सुशासन केन्द्र, PLGSP, प्रदेश र सिघींय सरकारसंग समन्वय र सहकार्य गरिनेछ ।
* क्षमता विकास कार्यक्रमहरुको गुणस्तरको शुनिश्चितता तथा संस्थागत दिगो पनाका लागि अनुगमन संयन्त्रको स्थापना गरि नियमित रुपमा अनुगमन र सुपरिवेक्षण गर्ने प्रणालीको विकास गरिनेछ ।

## ७.२ जनप्रतिनिधिहरुका लागि प्रस्तावित क्षमता विकासका कार्यक्रमहरु

**तालिका नं.-२१,** जनप्रतिनिधिहरुको लागि प्रस्तावित क्षमता विकासका कार्यक्रमहरु

| क्र.स. | क्षमता विकासका कृयाकलापहरु | ईकाई/ परिमाण | लक्षित सहभागी | योजना कार्यान्वयन अवधि (आ.ब.) | | | प्रस्तावित बार्षिक वजेट रु. (000) | | | | लागत व्यहोर्ने निकाय | | कार्यान्वयन प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | आन्तरिक | बाह्य | |
| १. | जनप्रतिनिधिहरुको काम, कर्तब्य र अधिकार सम्बन्धी अभिमुखीकरण/तालिम । | १ वटा | गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्यहरु | १ | ० | ० | २४५ | ० | ० | २४५ | २४५ | ० | प्रथम (P1) |
| २. | सहभागितात्मक योजना तर्जुमा (अर्थपूर्ण जनसहभागिता, पहिचान, प्राथमिकिकरण, श्रोत व्यवस्थाप) तालिम । | १ वटा | | १ | ० | ० | २४५ | ० | ० | २४५ | २४५ | ० | प्रथम (P1) |
| ३. | योजना कार्यान्वयन, अनुगमन तथा मूल्यांकन सम्बन्धी ज्ञान र सीप विकास तालिम कार्यक्रम । | १ वटा | | १ | ० | ० | १७५ | ० | ० | १७५ | १७५ | ० | प्रथम (P1) |
| ४. | सेवाप्रवाह, सुशासन, नेतृत्व विकास लगायत व्यबस्थापनका नविनतम् आयाम सम्बन्धी अभिमुखीकरण/प्रशिक्षण । | १ वटा | | १ | ० | ० | २४५ | ० | ० | २४५ | ० | २४५ | प्रथम (P1) |
| ५. | योजनाको कार्यान्वयनमा गुणस्तर परिक्षण विधि र सीप विकास सम्बन्धी आधारभूत तालिम । | १ वटा | | ० | १ | ० | ० | २४५ | ० | २४५ | २४५ | ० | द्वितिय (P2) |
| ६. | संचार र समन्वय ज्ञान र सीप विकास तालिम । | १ वटा | | ० | १ | ० | ० | १७५ | ० | १७५ | १७५ | ० | द्वितिय(P2) |
| ७. | संयोजन, सहजीकरण र समझदारी निर्माण (Negotiation) अवधारणा र संयोजकको भूमिका सम्बन्धमा अभिमुखीकरण/तालिम । | १ वटा | | ० | १ | ० | ० | १७५ | ० | १७५ | १७५ | ० | द्वितिय (P2) |
| ८. | न्याय निरुपण सम्बन्धी ज्ञान र सीप अभिबृद्धि कार्यक्रम । | १ वटा | | ० | १ | ० | ० | १७५ | ० | १७५ | १७५ | ० | द्वितिय (P2) |
| ९. | कानून निर्माण सम्बन्धी बिस्तृत ज्ञान । | १ वटा | | ० | ० | १ | ० | ० | १७५ | १७५ | १७५ | ० | त्रितिय(P3) |
| १०. | लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) सम्बन्धी अभिमुखीकरण । | १ वटा | | ० | ० | १ | ० | ० | १०५ | १०५ | ० | १०५ | द्वितिय (P2) |
| ११. | लैङ्गिक उत्तरदायी बजेट (GRB) सम्बन्धी अभिमुखीकरण । | १ वटा | | ० | ० | १ | ० | ० | १०५ | १०५ | ० | १०५ | त्रितिय (P3) |
| १२. | दिगो विकास लक्ष्य स्थानीयकरण सम्बन्धी अभिमुखीकरण । | १ वटा | | ० | ० | १ | ० | ० | १०५ | १०५ | ० | १०५ | त्रितिय (P3) |
| १३. | जनप्रतिनिधिहरुको काम, कर्तब्य र अधिकार सम्बन्धी पुनर्ताजगि अभिमुखीकरण/तालिम । | १ वटा | | ० | ० | १ | ० | ० | २४५ | २४५ | २४५ | ० | त्रितिय (P3) |
| **जम्मा** | | १३ | | ४ | ४ | ५ | ९१० | ७७० | ७३५ | **२४१५** | १८५५ | ५६० | ४/५/४ |

## ७.३ कर्मचारीहरुका लागि प्रस्तावित क्षमता विकासका कार्यक्रमहरु

**तालिका नं.-२२,** कर्मचारीहरुको लागि प्रस्तावित क्षमता विकासका कार्यक्रमहरु

| क्र.स. | क्षमता विकासका कृयाकलापहरु | ईकाई/ परिमाण | लक्षित सहभागी | योजना कार्यान्वयन अवधि (आ.ब.) | | | प्रस्तावित बार्षिक वजेट रु. (०००) | | | | लागत व्यहोर्ने निकाय | | कार्यान्वयन प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | आन्तरिक | बाह्य | |
| १. | सेवा प्रवेश र सेवाकालिन तालिम | ३ वटा | तालिम नपाएका कर्मचारी | १ | १ | १ | ४० | ४० | ४० | १२० | ० | १२० | प्रथम (P1) |
| २. | सूचना तथा संचार प्रविधि र सफ्टवयर (SuTRA, CoPPoMIS) संचालन सम्बन्धी अभिमुखीकरण/तालिम । | २ वटा | सम्बन्धित कर्मचारी | २ | ० | ० | ९० | ० | ० | ९० | ९० | ० | प्रथम (P1) |
| ३. | नतिजामुखी अनुगमन तथा मूल्यांकन सम्बन्धी ज्ञान र सीप विकास तालिम । | १ वटा | प्रमुख पसाशकीय अधिकृत र शाखा प्रमुखहरु | १ | ० | ० | ९० | ० | ० | ९० | ९० | ० | प्रथम (P1) |
| ४. | कार्यसम्पादन पद्धतिको विकास, कार्यसम्पादन करार र नतिजामा आधारित कार्यसम्पादन मूल्यांकन सम्बन्धी तालिम | १ वटा | | १ | ० | ० | ९० | ० | ० | ९० | ९० | ० | प्रथम (P1) |
| ५. | आर्थिक प्रशासन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अभिमुखीकरण/तालिम । | १ वटा | | १ | ० | ० | १०५ | ० | ० | १०५ | १०५ | ० | प्रथम (P1) |
| ६. | आवधिक योजना र मध्यमकालिन खर्च संरचना सम्बन्धी प्रशिक्षण । | १ वटा | | १ | ० | ० | १०५ | ० | ० | १०५ | १०५ | ० | प्रथम (P1) |
| ७. | लेखापरीक्षण, बेरुजु फछ्यौंट तथा आन्तरिक लेखापरीक्षण सम्बन्धी अभिमुखीकरण | १ वटा | | ० | ० | १ | ० | ० | १०५ | १०५ | ० | १०५ | त्रितिय (P3) |
| ८. | प्रशंसनीय खोज तथा सकारात्मक सोंच अबधारणा र ज्ञान हासिल | १ वटा | | ० | ० | १ | ० | ० | १०५ | १०५ | ० | १०५ | त्रितिय (P3) |
| ९. | सार्वजनिक खरिद सम्बन्धी आधारभूत्त तालिम । | १ वटा | प्रशासन, आर्थिक र सामाजिक विकास शाखा | ० | १ | ० | ० | १७५ | ० | १७५ | १७५ | ० | द्बितिय (P2) |
| १०. | सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षणको विधि र प्रकृया निर्धारण अभिमुखीकरण । | १ वटा | | ० | १ | ० | ० | १७५ | ० | १७५ | १७५ | ० | द्बितिय (P2) |
| ११. | किशोर किशोरी शिक्षा र जीबन उपयोगी सीप विकास तालिम | १ वटा | सामाजिक विकास शाखा र शिक्षक | ० | १ | ० | ० | २४५ | ० | २४५ | २४५ | ० | द्बितिय (P2) |
| १२. | गुणस्तरीय शिक्षाको अबधारणा र भूमिका विषयक प्रशिक्षण | १ वटा | प्र.अ. र शिक्षक | ० | १ | ० | ० | २४५ | ० | २४५ | २४५ | ० | द्बितिय (P2) |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३. | विद्यालयमा लेतृत्व सीप, शैक्षिक प्रशासिन र अभिलेख व्यवस्थापन सम्बन्धी प्रशिक्षण । | १ वटा | विद्यालय कर्मचारी र प्र.अ. | ० | १ | ० | ० | २४५ | ० | २४५ | २४५ | ० | द्वित्तिय (P2) |
| १४. | प्रांगारिक खेती तथा मल बनाउने सम्बन्धी सीपमूलक तालिम । | १ वटा | कृर्षि, पशु र वडा सचिब | ० | १ | ० | ० | १७५ | ० | १७५ | ० | १७५ | द्वित्तिय (P2) |
| १५. | तालिम बीउ बिजन, मलखाद तथा औषधी सम्बन्धी नियमन कार्यविधि तर्जुमा । | १ वटा | | ० | १ | ० | ० | ९० | ० | ९० | ९० | ० | द्वित्तिय (P2) |
| १६. | पंजिकरण व्यवस्थापन (अनलाईन व्यक्तिगत घटना दर्ता समेत) | १ वटा | सामाजिक विकास शाखा र वडा सचिब | ० | ० | १ | ० | ० | १०५ | १०५ | १०५ | ० | त्रितिय (P3) |
| १७. | लाइब्रेरी स्थापना र ब्यवस्थापन (ई लाइब्रेरी समेत) | १ वटा | शिक्षा शाखा, विद्यालय कर्मचारी र प्र.अ. | ० | ० | १ | ० | ० | ५०० | ५०० | २५० | २५० | त्रितिय (P3) |
| १८. | जिन्सी तथा सम्पत्तिको अभिलेख ब्यवस्थापन सम्बन्धी सीप विकास | १ वटा | प्रशासन, आर्थिक र जिन्सि शाखा | ० | ० | १ | ० | ० | ४० | ४० | ४० | ० | त्रितिय (P3) |
| १९. | सामुदायिक मेलमिलाप संचालन तथा द्वन्द्व व्यवस्थापन तालिम | १ वटा | वडा सचिब, मेलमिलाप कर्ता र न्यायिक सहजकर्ता | ० | ० | १ | ० | ० | १०५ | १०५ | १०५ | ० | त्रितिय (P3) |
| २०. | कृषिका नयां प्रविधीहरु सहित माटो परिक्षण र ल्याव संचालन वारे पुनर्ताजगी तालिम | १ वटा | कृर्षि सेवा | ० | ० | १ | ० | ० | ४० | ४० | ० | ४० | त्रितिय (P3) |
| २१. | पशु पालनमा नयाँ प्रयोग र प्रविधि तथा प्रयोगशाला संचालन समन्धि तालिम | १ वटा | पशु सेवा | ० | ० | १ | ० | ० | ४० | ४० | ० | ४० | त्रितिय (P3) |
| २२. | कार्यालय संचालन, व्यवस्थापन तथा अभिलेख व्यवस्थापन तालिम | १ वटा | आर्थिक योजना र जिन्सिका सहायक कर्मचारीरु | ० | ० | १ | ० | ० | ९० | ९० | ९० | ० | त्रितिय (P3) |
| २३. | प्राविधिक शाखाका कर्मचारीहरुका लागि सर्भे, डिजाइन, लगत ईष्टिमेट एवं संरचनात्मक विश्लेषण तालिम | १ वटा | पूर्वाधार विकास शाखा | ० | ० | १ | ० | ० | १७५ | १७५ | १७५ | ० | त्रितिय (P3) |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४. | लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) सम्बन्धी अभिमुखीकरण । | १ वटा | वडा सचिब सहित सबै कर्मचारी हरु | ० | ० | १ | ० | ० | २४५ | २४५ | ४५ | २०० | त्रितिय (P3) |
| २५. | लैङ्गिक उत्तरदायी बजेट (GRB) सम्बन्धी अभिमुखीकरण । | १ वटा | | ० | ० | १ | ० | ० | २४५ | २४५ | ४५ | २०० | त्रितिय (P3) |
| २६. | अध्ययन भ्रमण (स्वदेश भित्र) | १ वटा | न्यायिक समित | ० | १ | ० | ० | ३०० | ० | ३०० | ३०० | ० | द्वितिय (P2) |
| **जम्मा** | | **२८** | | **७** | **९** | **१३** | **५२०** | **१६९०** | **१८३५** | **४०४५** | **२८१०** | **१२३५** | **६/११/१२** |

## ७.४ संविधान प्रदत्त अधिकार (अनुसूची-८) को प्रभावकारी कार्यान्वयनका लागि प्रस्तावित क्षमता विकासका कार्यक्रमहरु

**तालिका नं.-२३,** संविधान प्रदत्त अधिकारको कार्यान्वयनको लागि प्रस्तावित क्षमता विकासका कार्यक्रमहरु

| क्र.स. | क्षमता विकासका कृयाकलापहरु | ईकाई/ परिमाण | लक्षित सहभागी | योजना कार्यान्वयन अवधि (आ.ब.) | | | प्रस्तावित बार्षिक वजेट रु. (000) | | | | लागत व्यहोर्ने निकाय | | कार्यान्वयन प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | आन्तरिक | बाह्य | |
| १. | सहकारी संस्थाको व्यवस्थापन, परिचालन, अनुगमन तथा नियमनका लागि ज्ञान र सीप विकास तालिम । | १ वटा | कार्यपालिका, प्र.पअधिकृत र सहकारी हेर्ने कर्मचारी | १ | ० | ० | १७५ | ० | ० | १७५ | ७५ | १०० | प्रथम (P1) |
| २. | न्यायिक समितिको काम, कर्तव्य र अधिकारक्षेत्र सम्बन्धी अभिमुखीकरण | १ वटा | न्यायिक समिति, सहजकर्ता, मेलमिलाप कर्ता | १ | ० | ० | १७५ | ० | ० | १७५ | ७५ | १०० | प्रथम (P1) |
| ३. | संयोजन, सहजीकरण र समझदारी निर्माण (Negotiation) अवधारणा र संयोजकको भूमिका सम्बन्धमा अभिमुखीकरण/तालीम | १ वटा | वडा समितिका पदाधिकारीहरु | १ | ० | ० | २४५ | ० | ० | २४५ | ४५ | २०० | प्रथम (P1) |
| ४. | स्थानीय सेवा व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्तको तर्जुमा र कार्यान्वयन । | १ वटा | कार्यपालिका र कर्मचारी | १ | ० | ० | २४५ | ० | ० | २४५ | ४५ | २०० | प्रथम (P1) |
| ५. | दीगो विकासका लक्ष्यहरु स्थानीयकरण सम्बन्धी नीति,कार्ययोजना र प्रतिवेदन सम्बन्धी प्रशिक्षण | १ वटा | जनप्रतिनिधि र शाखा प्रमुखहरु | १ | ० | ० | २४५ | ० | ० | २४५ | ४५ | २०० | प्रथम (P1) |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | संघ, प्रदेश र अन्तर स्थानीय तहबीच समन्वय सहकार्य र साझेदारिका लागि रणनैतिक कार्ययोजना तर्जुमा । | १ वटा | कार्यपालिका र कर्मचारी | ० | १ | ० | ० | ९० | ० | ९० | ९० | ० | द्वितिय (P2) |
| ७. | कृषि र पशुको व्यबसायीक उत्पादन र बजारीकरण सम्बन्धीका कार्यविधि र कार्यक्रमहरु | १ पटक | कार्यपालिका र कृषि,पशु सेवाका कर्मचारी | १ | ० | ० | २४५ | ० | ० | २४५ | १४५ | १०० | प्रथम (P1) |
| ८. | वातावरण संरक्षण र जैविक विविधता सम्बन्धीका नीति तथा कार्यहरु । | १ पटक | कार्यपालिका र कर्मचारी | ० | ० | १ | ० | ० | १०५ | १०५ | ५० | ५५ | त्रितिय (P3) |
| ९. | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ सुविधाको विकासको लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा । | १ वटा | कार्यपालिका र कर्मचारी | ० | १ | ० | ० | ९० | ० | ९० | ९० | ० | द्वितिय (P2) |
| १०. | स्थानीय अदालत, मेलमिलाप र मध्यस्थता सम्बन्धी अभिमुखीकरण । | १ वटा | न्यायि समिति र मेलमिलाप कर्ताहरु | ० | १ | ० | ० | ४० | ० | ४० | ४० | ० | द्वितिय (P2) |
| ११. | विपद् व्यवस्थापन तथा राहत उद्दारका लागि आवश्यक तयारी र कार्यविधि निर्माण | १ वटा | कार्यपालिका र कर्मचारी | ० | १ | ० | ० | ३५० | ० | ३५० | २५० | १०० | द्वितिय (P2) |
| १२. | जलवायू परिबर्तनका असर र वातावरण प्रवर्धन अभिमुखीकरण । | १ वटा | जनप्रतिनिधि र शाखा प्रमुखहरु | ० | १ | ० | ० | १०५ | ० | १०५ | १०५ | ० | द्वितिय (P2) |
| १३. | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन । | १ वटा | कार्यपालिका र कर्मचारी | ० | ० | १ | ० | ० | ४० | ४० | ४० | ० | त्रितिय (P3) |
| १४. | बालउद्धार गृह, जेष्ठ नागरिक आश्रम तथा सामुदायिक केन्द्र व्यवस्थापन नीति र कार्यक्रम । | १ वटा | कार्यपालिका र कर्मचारी | ० | १ | ० | ० | ५०० | ० | ५०० | २५० | २५० | द्वितिय (P2) |
| १५. | बैदेशिक रोजगारीबाट फर्किएकाको ज्ञान, सीप र उद्यमशिलताको उपयोग सम्बन्धी कार्यविधि । | १ वटा | कार्यपालिका र कर्मचारी | ० | ० | १ | ० | ० | ४० | ४० | ४० | ० | त्रितिय (P3) |
| १६. | भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास सम्बन्धी नीति र कार्यक्रम । | १ वटा | कार्यपालिका र कर्मचारी | ० | ० | १ | ० | ० | ९० | ९० | ० | ९० | त्रितिय (P3) |
| १७. | फोहरमैला व्यवस्थापन र वातावरण प्रवर्धनका लागि आवश्यक कार्यविधि र कार्यक्रम । | १ वटा | कार्यपालिका र कर्मचारी | ० | ० | १ | ० | ० | ४० | ४० | ४० | ० | त्रितिय (P3) |
| १८. | अध्ययन भ्रमण (स्वदेश भित्र) | ३ वटा | कार्यपालिका र कर्मचारी | १ | १ | १ | ३०० | ३०० | ३०० | ९०० | ९०० | ० | द्वितिय (P2) |
| **जम्मा** | | **१७** | | **७** | **७** | **६** | **१६३०** | **१४७५** | **६१५** | **३७२०** | **२३२५** | **१३९५** | **६/९/५** |

उपर्युक्त बमोजिमका क्षमता विकासका कृयाकलापहरुको बजेट प्रस्ताब गर्दा स्थानीय स्तरमा संचालन हुने कार्यक्रममा अधिकतम ३५ जना सहभागिता रहने र ३ दिन समय अबधिको लागि रु. २,४५,०००।‡, 2 दिन समय अबधिको लागि रु. १,७५,०००।‡ / 1 दिन समय अबधिको लागि रु. १,०५,०००।‡ गरिएको ५ । लक्षित सानो समुह र केहि ब्यक्तिको लागि रु. 80,000. र 40,000. को अनुमान गरिएको ५ ।

## क्षमता विकास योजनाको सारांस विवरण

**तालिका नं.-२४,** क्षमता विकास योजनाको सारांस विवरण

| विषयगत क्षेत्रको आधारमा क्षमता विकास कार्यक्रम | | | प्राथमिकताका आधारमा क्षमता विकास कार्यक्रम | | |
|---|---|---|---|---|---|
| मानव संसाधन विकास | संस्थागत विकास | विधि/प्रणाली विकास | प्रथम (P1) | द्वित्तिय (P2) | त्रितिय (P3) |
| ४० | ८ | १४ | १६ | २५ | २१ |

| लक्षित सहभागिको आधारमा क्षमता विकास कार्यक्रम | | | कार्यान्वयन बर्ष (आ.ब.) का आधारमा क्षमता विकास कार्यक्रम | | |
|---|---|---|---|---|---|
| जनप्रतिनिधि | कर्मचारी | एकल अधिकार | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ |
| १३ | २९ | २० | १८ | २० | २४ |

| कार्यान्वयन बर्षका आधारमा बजेटको विवरण | | | | बजेट व्यहोर्ने निकाय | |
|---|---|---|---|---|---|
| ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | **जम्मा रु.** | गाउँपालिका | बाह्य |
| ३०,६०,००० | ३९,३५,००० | ३१,८५,००० | **१,०१,८०,०००** | ६९,९०,००० | ३१,९०,००० |

उपर्युक्त बमोजिम क्षमता विकास कार्ययोजना कार्यान्वयन गर्दा अनुमानित बजेट रु. १,०१,८०,०००।– अक्षरुपी एक करोड एक लाख असी हजार लाग्ने देखिन्छ। जसमा गाउँपालिकाको आन्तरिक श्रोतबाट रु. ६९,९०,०००।– अक्षरुपी उनान्सरी लाख नब्बे हजार र बाह्य सहयोगी निकायबाट रु. ३१,९०,०००।– अक्षरुपी एकतीस लाख नब्बे हजार जुटाउन आवश्यक छ। तसर्थ, गाउँपालिकाले बाह्य श्रोत जुटाउनका लागि संघीय सरकार, प्रदेश सरकार, प्रशेश सुशासन केन्द्र, PLGSP, लगायत विभिन्न विकास साझेदारहरुको स्रोत, साधन र जनशक्ति समेत प्रयोग गरी पहिलो प्राथमिकतामा रहेका क्षमता विकासका क्रियाकलापहरुलाई आ.ब.२०७९को प्रथम चौमासिक देखि नै कार्यान्वयनमा ल्याउन आवश्यक पहल गर्नु पर्दछ।

# परिच्छेद : ८ क्षमता विकास योजना कार्यान्वयनको जिम्मेवारी

## ८.१ क्षमता विकास योजना कार्यान्वयन जिम्मेवारी तालिका

कुनै पनि योजना निर्माण जति महत्वपूर्ण छ। त्यो भन्दा धेरै गुणा बढी महत्व यसको प्रभावकारी कार्यान्वयन प्रकृयाले राख्दछ। गाउँपालिकामा निर्मित क्षमता विकास योजनाको कार्यान्वयनको एक जिम्मेवार संयन्त्र बन्नु आवश्यक हुन्छ । तसर्थ यस गाउँपालिकामा योजना प्रक्रियाको नेतृत्व तथा क्षमता विकास योजना कार्यान्वयनको लागि गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जूमा सम्बन्धी दिग्दर्शनको बुंदा नं. ६ मा व्यवस्था भए बमोजिम एक क्षमता विकास समन्वय समिति गठन गरिनेछ। सो समिति गाउँपालिकाको क्षमता विकाससँग सम्बन्धित सम्पूर्ण पक्षहरूको समावेशी सहभागिता सुनिश्चित गरि देहाय बमोजिम गठन गरिनेछ।

१. कार्यपालिकाको कुनै एक सदस्य – संयोजक
२. मानव संशाधन विकास वा कर्मचारी प्रशासन शाखा प्रमुख – सदस्य-सचिव
३. पूर्वाधार विकास तथा वातावरण शाखा प्रमुख – सदस्य
४. सामजिक विकास शाखा प्रमुख – सदस्य
५. कृर्षि, पशु र स्वास्थ्य शाखा प्रमुख मध्येबाट – सदस्य

*५ सदस्यीय समितिमा कमीतमा २ जना महिलाको प्रतिनिधित्व हुनुपर्नेछ।*

क्षमता विकास योजना कार्यान्वयनको जिम्मेवारी मुख्यरुपमा यसै समितिको हुनेछ। समितिको मुख्य कार्य जिम्मेवारी बुंदागत रुपमा निम्न बमोजिम हुनेछ।

≈ संस्थागत तथा मानव संशाधन क्षमता विकास योजना तर्जूमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
≈ क्षमता विकास सम्बन्धी नीति तथा रणनीतिहरू तर्जुमा गरी कार्यपालिका मार्फत् सभाबाट पारित गराउने र कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने।
≈ क्षमता विकास योजनालाई वार्षिक रुपमा अध्यावधिक गर्ने गराउने।
≈ **क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने।**
≈ गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने क्षमता विकासका कार्यक्रमहरू बीच समन्वय गर्ने गराउने।
≈ समितिले सूचकमा आधारित भई क्षमता विकास कार्यक्रमको अनुगमन गरि प्रतिबेदन पेश गर्ने।
≈ कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनुगमन र समीक्षा गर्ने।
≈ क्षमता विकास सम्बन्धमा अन्य सहयोगी तथा साझेदार निकायहरूबीच समन्वय गर्ने।
≈ क्षमता विकास सम्बन्धी अध्ययन, अन्वेषण गर्ने गराउने।
≈ क्षमता विकास सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने।

क्षमता विकास  योजनाको कार्यान्वयनको जिम्मेवारीलाई देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.-२५,** क्षमता विकासका योजना कार्यान्वयनको जिम्मेवारी ।

| कार्यान्वयन चरण | योजना कार्यान्वयन गतिविधि | मूल जिम्मेवारी |
|---|---|---|
| **चरण १: योजना स्वीकृती र बजेटको सुनिश्चितत्ता** | | |
| १.१ | क्षमता विकास योजना कार्यपालिका मार्फत नगर सभाबाट पारित गराउने । | क्षमता विकास समन्वय समिति र प्रमुख प्रसाशकीय अधिकृत |
| १.२ | योजना कार्यान्वयनका लागि गाउँपालिकाको आन्तरिक स्रोतको बजेट विनियोजनको सुनिश्चितत्ता गर्ने । | क्षमता विकास समन्वय समिति र प्रमुख प्रसाशकीय अधिकृत |
| १.३ | बाह्य सहयोगि निकायको खोजी, स्रोत पहिचान र सुनिश्चित गर्ने । | क्षमता विकास समन्वय समिति र प्रमुख प्रसाशकीय अधिकृत |
| **चरण २: सहयोगी संस्था तथा स्रोत व्यक्तिको पहिचन, लागत र क्षमता विकास कार्य संचालन संभौता** | | |
| २.१ | क्षमता विकास सम्बन्धमा विभिन्न सहयोगी निकायहरूसंग समन्वय गर्ने । | क्षमता विकास समन्वय समिति र प्रशासन शाखा  प्रमुख |
| २.२ | क्षमता विकास कार्यक्रम संचालनको लागि आवश्यक स्रोत व्यक्ति वा संस्थाको पहिचान गर्ने । | क्षमता विकास समन्वय समिति र प्रशासिन प्रमुख |
| २.३ | क्षमता विकास कार्यक्रम संचालनको लागि बिस्तृत लागत, आवश्यक बन्दबस्तिको व्यवस्था (Logistic arrengement) सहभागिहरुको एकिन र सूचना प्रवाह गर्ने । | क्षमता विकास समन्वय समिति र प्रशासन प्रमुख |
| २.४ | क्षमता विकास कार्यक्रम संचालनको लागि पहिचान गरिएको स्रोत व्यक्ति वा  संस्थासंग बिस्तृत कार्य सर्त सहित कार्य संझौता गर्ने । | क्षमता विकास समन्वय समिति र प्रमुख प्रसाशकीय अधिकृत |
| **चरण ३: क्षमता विकास योजना कार्यान्वयन** | | |
| ३.१ | आवश्यक मानव संसाधन ब्यवस्थापनको लागि नीति नियम र दरबन्दि मातहतमा रहेर भर्ना प्रकृया पुरा गर्ने । | प्रमुख प्रसाशकीय अधिकृत |
| ३.२ | संस्थागत संरचना भित्रको तथा समुदाय स्तरको मानव संसाधनको क्षमता विकासको हकमा अवश्यक स्थान तथा सामग्री व्यवस्थापन गर्ने । | प्रमुख प्रसाशकीय अधिकृत |
| ३.३ | क्षमता विकासका कार्यक्रमहरु संचालन भइरहदा व्यवस्थापन र सहजिकरणमा सहयोग गर्ने । | प्रशासन प्रमुख । |
| ३.४ | संस्थागत संरचनामा सुधारका कार्यहरु सम्पन्न गर्ने । | प्रशासन प्रमुख । |
| **चरण ४: अनुगमन, अध्ययन तथा अध्यावधिक** | | |
| ४.१ | क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समीक्षा गर्ने । | क्षमता विकास समन्वय समिति |
| ४.२ | क्षमता विकास योजना कार्यान्वयनको वर्षिक प्रगतिको समीक्षाको आधारमा आवश्यक परिमार्जन सहित आगामी वर्षिक योजनामा क्षमता विकासका कार्यक्रम तयार र पेश गर्न सहयोग गर्ने । | क्षमता विकास समन्वय समिति |
| ४.३ | क्षमता विकास बाट आएको परिवर्तन तथा सेवा प्रवाह र सुशासनमा आएको सुधार बारे अध्ययन र अभिलेख व्यवस्थापन गर्ने गराउँने । | क्षमता विकास समन्वय समिति |

# परिच्छेद : ९ अनुगमन तथा मूल्याङ्कन

## ९.१ क्षमता विकास योजनाको अनुगमन तथा मूल्याङ्कन संयन्त्र

योजनाको कार्यान्वयन भईरहदा त्यसको उद्देश्यगत प्रभावकारीता, विधि र प्रकृयाको सान्दर्भिकता, श्रोत साधनको उपयोग लगायतको एकिन गरि कार्यक्रमको गुणस्तर कामय गर्न अनुगमनको महत्वपूर्ण भूमिका रहन्छ। तसर्थ यो क्षमता विकास योजनाको प्रभावकारीताको लागि देहाय बमोजिमको अनुगमन तथा मूल्यांकन संयन्त्र कार्यान्वयनमा ल्याईनेछ।

**तालिका नं.-२६,** क्षमता विकासका योजनाको अनुगमन तथा मूल्याङ्कन संयन्त्र

| अनुगमन र मूल्यांकनको समय अबधि | जिम्मेवार निकाय | अनुगमनको क्षेत्र |
|---|---|---|
| नियमित | क्षमता विकास समन्वय समिति तथा अनुगमन समिति | प्रगतिको अवस्था मापन र<br>गुणस्तर अनुगमन |
| वार्षिक | क्षमता विकास समन्वय समिति, अनुगमन समिति, कार्यपालिका | वार्षिक रूपमा उपलब्धि मापन<br>वार्षिक योजनालाई पृष्ठपोषण |
| अन्तिम मूल्याङ्कन | तेस्रो पक्षद्वारा ३ वर्षपछि | उपलब्धि, नतिजा तथा प्रभाव मूल्याङ्कन |

गाउँपालिका भन्दा बाह्य निकायको सहयोगमा संचालन हुने क्षमता विकासका कार्यक्रमहरुको अनुगमन उक्त सहयोगी निकायका प्रतिनिधि तथा प्रदेश वा संघीय सरकारका प्रतिनिधिहरुबाट समेत हुनेछ।

## ९.२ क्षमता विकास योजना कार्यान्वयन वाट प्राप्त हुने वार्षिक प्रतिफल (विषय क्षेत्र अनुसार)

क्षमता विकास योजनाको बार्षिक मूल्याङ्कनबाट क्षमता विकासका कार्यक्रमहरुले योजना अवधिमा हासिल गर्नु पर्ने उपलब्धिहरूको अवस्था स्पष्ट रूपमा देखाउदछ। यस योजनाको कार्यान्वयन पश्चात बिषय क्षेत्र अनुसार वार्षिक रुपमा देहाय बमोजिमका प्रतिफलहरु प्राप्त हुने अपेक्षा गरिएको छ।

**तालिका नं.-२७,** क्षमता विकासका योजना कार्यान्वयनबाट प्राप्त हुने बार्षिक प्रतिफलहरु

| आर्थिक बर्ष | बिषय क्षेत्र | अपेक्षित बार्षिक प्रतिफल |
|---|---|---|
| | ~ मानव संसाधन विकास | ~ सबै कर्मचारीहरुले सेवा प्रवेश र सेवाकालिन तालिम पाएका हुनेछन।<br>~ सबै पदाधिकारीहरु स्थानीय तहको काम कर्तव्य र अधिकार वारे स्पष्ट भई कार्य सम्पादनमा प्रभावकारी आएको हुनेछ। |
| | ~ संस्थागत विकास | ~ गाउँपालिकाको पूर्वाधार थप सेवाग्राही मैत्री (सहायता कक्ष, स्तनपान कक्षको व्यवस्था) भएको हुनेछ। |
| | ~ विधि/प्रणालीको विकास | ~ सक्षम स्थानीय सरकारको लागि आवश्यक कानून मध्य थप ५ वटा कानूनहरु तयार भई कार्यान्वयनमा गएका हुनेछन्। |

| | | |
|---|---|---|
| पहिलो वर्ष (०७९।०८०) | ~ गाउँपालिकाको समग्र क्षमता विकास | ~ आ.ब.(०७९।०८०) मा योजना अनुरुप १८ वटा क्षमता विकासका कार्यक्रमहरु प्रभावकारी तवरमा संचालन भएका हुनेछन् ।<br>~ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम स्वमूल्याङ्कनमा यो गाउँपालिकाले ७५ अंक प्राप्त गरेको हुनेछ । *(आधार बर्ष ०७७।०७८ मा कुल प्राप्त अंक - ५७।७५)*<br>~ संविधान प्रदत्त अधिकार (अनुसूची-८) का २२ वटा बिषय क्षेत्रहरु मध्य कम्तिमा ८ वटा बिषय क्षेत्रमा आवश्यक कार्य सम्पादन भएको हुनेछ । |
| दोश्रो वर्ष (०८०।०८१) | ~ मानव संसाधन विकास | ~ जनप्रतिनिधिहरुको नेतृत्व क्षमता र कार्यदक्षता वृद्धि भएको हुनेछ ।<br>~ गाउँपालिकाले प्रवाह गर्ने सेवा तथा सुविधामा पहुँच कम रहेका महिला, दलित, लैगिंक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका एवं विपन्न वर्गको सहभागिता र पहुँचमा आधार वर्षको तुलनामा वृद्धि भएको हुनेछ । |
| | ~ संस्थागत विकास | ~ गाउँपालिकाको पुर्बाधार थप सेवाग्राही मैत्री (सहायता कक्ष, स्तनपान कक्ष, डिजिटल नागरिक बडापत्र र आवश्यक प्रविधिहरुको व्यवस्था) भएको हुनेछ । |
| | ~ विधि/प्रणालीको विकास | ~ आबधिक योजना र मध्यकालिन खर्च संरचनामा आधारित वार्षिक योजना र कार्यक्रमहरु तयार भई कार्यान्वियन भएका हुनेछन् । |
| | ~ गाउँपालिकाको समग्र क्षमता विकास | ~ आ.ब.(०८०।०८१) मा योजना अनुरुप २० वटा क्षमता विकासका कार्यक्रमहरु प्रभावकारी तवरमा संचालन भएका हुनेछन् ।<br>~ स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ बमोजिम स्वमूल्यांकनमा यो गाउँपालिकाले ८५ अंक प्राप्त गरेको हुनेछ । *(आधार बर्ष ०७७।०७८ मा कुल प्राप्त अंक -५७।७५)*<br>~ संविधान प्रदत्त अधिकार (अनुसूची-८) का २२ वटा बिषय क्षेत्रहरु मध्य कमीतमा १३ वटा बिषय क्षेत्रमा आवश्यक कार्य सम्पादन भएको हुनेछ । |
| तेश्रो वर्ष (०८१।०८२) | ~ मानव संसाधन विकास | ~ कर्मचारी र जनप्रतिनिधी बीच सम्बन्ध, सहकार्य र समन्वयमा वृद्धि भई सेवा प्रवाह चुस्तता, पारदर्शिता र सुशासन प्रबर्धन भएको हुनेछ ।<br>~ गाउँपालिकाले प्रवाह गर्ने सेवा र सुविधा सम्वन्धिको गुनासोमा गुणात्मक एवं परिमाणात्मक रुपमा कमी आएको हुनेछ । |
| | ~ संस्थागत विकास | ~ पशु र कृर्षि सेवा केन्द्र श्रोत साधन, प्रविधि र दक्ष जनशक्ति सहितको गुणस्तरीय सेवा दिन सक्ने भएका हुनेछन् । |
| | ~ विधि/प्रणालीको विकास | ~ आवश्यक प्रविधिहरुको उपलब्धता, जडान र प्रयोगबाट गाउँपालिकाका बिषयगत सेवा प्रणालीहरु स्थापित र सुदृढ भई सेवा प्रवाहको परिमाण र गुणस्तरमा बृद्धि हुनेछ । |
| | ~ गाउँपालिकाको समग्र क्षमता विकास | ~ आ.ब.(०८१।०८२) मा योजना अनुरुप २४ वटा क्षमता विकासका कार्यक्रमहरु प्रभावकारी तवरमा संचालन भएका हुनेछन् ।<br>~ स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ बमोजिम स्वमूल्याङ्कनमा यो गाउँपालिकाले ९५ अंक प्राप्त गरेको हुनेछ । *(आधार बर्ष ०७७।०७८ मा कुल प्राप्त अंक - ५७।७५)*<br>~ संविधान प्रदत्त अधिकार (अनुसूची-८) का २२ वटा बिषय क्षेत्रहरु मध्य कम्तिमा १६ वटा बिषय क्षेत्रमा आवश्यक कार्य सम्पादन भएको हुनेछ । |

**सन्दर्भ सामग्रीहरु**

नेपालको संविधान २०७२ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ।

स्थानीय तहको क्षमता विकास दिग्दर्शन, २०७६ ।

नपालको पन्ध्रौ राष्ट्रिय योजना ।

राष्ट्रिय जनगणना, २०७८, केन्द्रीय तथ्यांक विभाग, काठमाडौं ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ।

सिद्धलेक गाउँपालिकाको गुरु योजना, २०७६ ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाडौं ।

सिद्धलेक गाउँपालिकाको आ.ब. ०७६।०७७ र ०७७।०७८ को संस्थागत क्षमता स्वमूल्याङ्कनको सूचकगत नतिजा र पुष्ट्याईका आधारहरु ।

सिद्धलेक गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट २०७६।०७७ ।

सिद्धलेक गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट २०७७।०७८ ।

सिद्धलेक गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट २०७८।०७९ ।

सिद्धलेक गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रमको वार्षिक प्रगति समीक्षा ।

सिद्धलेक गाउँपालिका कार्यालयको आ.व. २०७७।०७८ को आयव्ययको विवरण ।

सिद्धलेक गाउँपालिकाको कर्मचारी दरबन्दि तेरिज ।

सिद्धलेक गाउँपालिका ऐन कानूनहरुको सूचि, ०७४ देखि ०७८ सम्म ।

सिद्धलेक गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदन, ०७७।०७८ ।

सिद्धलेक गाउँपालिकाको स्थलगत भ्रमण छलफल तथा कार्याशालको टिपोट, २०७९ ।

# परिच्छेद : १० अनुसूचीहरु

## अनुसूची – १

क्षमता विकास कृयाकलापको लागि लागत अनुमानको आधारको विवरण ।

**Three days training program at local level**

| Sn | Service/activities | Rate | qty | Total | Remarks |
|---|---|---|---|---|---|
| 1 | Trainer Fee | 15,000 | 6 | 90,000 | 2*3*15000 |
| 2 | DSA for trainer | 1,600 | 2.5 | 4,000 | For 2 person |
| 3 | Transportation for trainer | 1,000 | 4 | 4,000 | Two way 2 person |
| 4 | Tea / Snacks for ptps | 300 | 105 | 31,500 | 35*300*3 |
| 5 | DSA for participants | 700 | 105 | 73,500 | 35*700*3 |
| 6 | Transportation for ppts | 500 | 35 | 17,500 | Per person Rs.500 for Two way |
| 7 | Training materials | 3,500 | 1 | 3,500 | |
| 8 | Stationery | 200 | 35 | 7,000 | |
| 9 | Miscelleneous | 10,000 | 1 | 10,000 | |
| | **Total** | | | **241,000** | |

**Two days training program at local level**


| Sn | Service/activities | Rate | qty | Total | Remarks |
|---|---|---|---|---|---|
| 1 | Trainer Fee | 15,000 | 4 | 60,000 | 2*2*15000 |
| 2 | DSA for trainer | 1,600 | 2.5 | 4,000 | For 2 person |
| 3 | Transportation for trainer | 1,000 | 4 | 4,000 | Two way 2 person |
| 4 | Tea / Snacks for ptps | 300 | 70 | 21,000 | 35*300*2 |
| 5 | DSA for participants | 700 | 70 | 49,000 | 35*700*2 |
| 6 | Transportation for ppts | 500 | 35 | 17,500 | Per person Rs.500 for Two way |
| 7 | Training materials | 3,000 | 1 | 3,000 | |
| 8 | Stationery | 200 | 35 | 7,000 | |
| 9 | Miscelleneous | 7,000 | 1 | 7,000 | |
| | **Total** | | | **172,500** | |

**One days training program at local level**

| Sn | Service/activities | Rate | qty | Total | Remarks |
|---|---|---|---|---|---|
| 1 | Trainer Fee | 15,000 | 2 | 30,000 | 2*1*15000 |
| 2 | DSA for trainer | 1,600 | 2.5 | 4,000 | For 2 person |
| 3 | Transportation for trainer | 1,000 | 4 | 4,000 | Two way 2 person |
| 4 | Tea / Snacks for ptps | 300 | 35 | 10,500 | 35*300*1 |
| 5 | DSA for participants | 700 | 35 | 24,500 | 35*700*1 |
| 6 | Transportation for ppts | 500 | 35 | 17,500 | Per person Rs.500 for Two way |
| 7 | Training materials | 2,500 | 1 | 2,500 | |
| 8 | Stationery | 200 | 35 | 7,000 | |
| 9 | Miscelleneous | 5,000 | 1 | 5,000 | |
| | **Total** | | | **105,000** | |

## अनुसूची – २

क्षमता विकास योजना निर्माणको छलफल कार्याशालामा सहभागीहरुको विवरण ।



DATE 05|09|2078

आज मिति २०७८ साल बैशाख ०५ गतेका दिन यस सिद्धलेक गाउँपालिका धादिङमा प्रदेश सुशासन केन्द्र, बागमती प्रदेशको आर्थिक सहयोग तथा RIMC-Ecocode Nepal GES (JV) को प्राविधिक सहयोग र सहजीकरणमा निर्माण हुन गइरहेको सिद्धलेक गाउँपालिकाको क्षमता विकास योजना (३ वर्ष) को लागि आयोजित छलफल/अन्तरकृया कार्यक्रममा देहायका महानुभावहरुको सहभागिता रह्यो ।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रेमनाथ सिलवाल | अध्यक्ष | |
| २. | कमला शर्मा | उपाध्यक्ष | |
| ३. | नन्दलाल शर्मा | प्र. प्रशासकीय अधिकृत | |
| ४ | कमल व. गुरुङ | वडा अध्यक्ष | |
| ५. | रामहरि [illegible] | ,, | |
| ६ | [illegible] भट्टराई | शिक्षा अधिकृत | |
| ७. | हरि ब. थापा मगर | अधिकृत [illegible] | |
| ८. | [illegible] | गा.पा. [illegible] | |
| ९ | [illegible] | [illegible] | |
| १० | [illegible] पाण्डे | इन्जिनियर | |
| ११. | लोक बहादुर [illegible] | [illegible] | |
| १२ | [illegible] श्रेष्ठ | कालिका आ.वि. | |
| १३ | ध्रुव प्रसाद सिलवाल | मनकामना आ. वि. | |
| १४ | [illegible] | [illegible] आ.वि. | |
| १५. | राजेश्वर नेपाल | प्र.अ. शान्ति आ.वि. | |
| १६. | प्रकाश [illegible] | प्र.अ. [illegible] | |
| १७ | वीरबहादुर [illegible] | प्र.अ. [illegible] | |
| १८. | बाबुराम तमाङ | प्र.अ. कालीदेवी मा.वि. | |
| १९ | [illegible] बहादुर [illegible] | प्र.अ. [illegible] आ.वि. | |
| २० | [illegible] न्यौपाने | [illegible] | |
| २१. | हरि ब. [illegible] | [illegible] आ.वि. | |
| २२ | [illegible] बहादुर थापा मगर | [illegible] | |
| २३ | [illegible] नेपाल | [illegible] | |
| २४. | [illegible] | [illegible] | |

DATE ........

| क्रस | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| २५. | भरत खिलवाल | वडा सचिव - २ नं वडा | [illegible] |
| २६ | तारानाथ खिलवाल | शा. प्र. (कृषि) १८ नं वडा | [illegible] |
| ३३ | हैक नारायण (तिमिल्सिना) | सब इन्जिनियर | [illegible] |
| ३४ | केशव तिमाल्सिना | हे. प्र. | [illegible] |
| ३५. | सोमेश्वर घुडासैनी | प्राविधिक सहायक शिक्षा | [illegible] |
| ३६ | विक्रम ब. सिंह | [illegible] | [illegible] |
| ३७. | रामचन्द्र अधिकारी | सामाजिक संयोजनकर्ता | [illegible] |
| ३८ | लोक बहादुर बराल | वडा सचिव नं. ६ | [illegible] |
| ३९ | निर्वाणयुद्ध अधिकारी | प्रशासन सहायक चौथो | [illegible] |
| ४० | अनिल दुवाडी | प्रशासन सहायक पाँचौं | [illegible] |
| ४१ | सञ्जय अर्याल | सहायक कम्प्युटर अपरेटर | Anjay |
| ४२ | शुसिला खिलवाल | गा.पा. कार्य | [illegible] |
| ४३ | सुबोध नारायण श्रेष्ठ | ,, | [illegible] |
| ४४ | दिलीप थापा मगर | अ. हे. व. | [illegible] |
| ४५. | सुनिल थापा | ह. अ. | [illegible] |
| ४६ | जनार्दन नेपाल | प्र.अ. (सिंहदेवी मा.वि.) | [illegible] |
| ४७. | दिलबहादुर बस्नेत | ओभरसियर | [illegible] |
| ४८ | डा. रविन कुमार आचार्य | योगी नेता | [illegible] |

## अनुसूची – ३

क्षमता विकास योजना निर्माणको क्रममा लिइएका तस्विरहरु ।



क्षमता विकास कार्यशालाका सहभागिहरु, द्धिलेक गाउँपालिका धादिड.



अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रसाशकीय अधिकृत र वडा अध्यक्ष ज्यूहरु क्षमता विकास कार्यशालामा, सिद्धलेक गाउँपालिका धादिड.



क्षमता विकास कार्यक्रम बारे प्रमुख प्रसाशकीय अधिकृतलाई जानकारी गराउदै, सिद्धलेक गाउँपालिका धादिङ्ग





सिद्धलेक गाउँपालिका धादिङ्गको कार्यालय परिसर